का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ माघ २०८१,
शनिबार
1 February, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३४४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# विपक्षीलाई दबाबमा राख्ने सत्तापक्षको प्रयास

संसदीय व्यवस्थामा सदन प्रतिपक्षको र सरकार सत्तापक्षको भनिन्छ । तर, शुक्रबार संसदमा सभामुख मार्फत सत्तापक्ष नै हावी हुन खोजे । स्वयम् प्रधानमन्त्री केपी ओलीले सदन आफूहरुको पनि रहेको भन्दै विपक्षी कुरा मात्रै नसुनिने प्रष्ट बताइदिए ।



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १८ माघ

संसद्को हिउँदे अधिवेशन शुक्रबारदेखि सुरु भएको छ । विभिन्न दलका नेताहरूको सम्बोधनबाट संसद बैठकको पहिलो दिन सुरु भएको हो । प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवासहित संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेताहरूले सम्बोधन गरे । तर पहिलो दिन भने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सम्बोधन गरेनन् ।

बैठकको सुरुमै सत्तापक्ष र प्रमुख प्रतिपक्षका नेताहरूबिच घोपचेप सुरु भएको छ ।

सरकारले ल्याएको विभिन्न अध्यादेश र सामाजिक संजालसम्बन्धि विधेयकमा विषयमा सत्ता र विपक्षबीच सवालजवाफले संसद् बैठक तातिएको थियो ।

संसद् बैठक नबसेको बेला सरकारले अध्यादेश ल्याउन पाउने र त्यो संविधानमै व्यवस्था भएको भन्दै सत्तापक्षले बचाउ गर्दा प्रमुख प्रतिपक्ष माओवादी केन्द्र लगायतका प्रतिपक्ष दलले अध्यादेशको प्रक्रिया नै गलत भएको भन्दै विरोध गरे ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले करिब १ घण्टा सम्बोधन गरे । प्रधानमन्त्री ओलीले संसद्को गएको अधिवेशनपछि आजका दिनमा आइपुग्दा २९ कानुन संशोधन गर्ने गरी अध्यादेश ल्याएको भन्दै अध्यादेशको बचाउ गरे ।

सरकारले अहिले नै किन अध्यादेश ल्याउनु पर्‍यो ? भनेर प्रधानमन्त्रीले स्पष्टीकरण नै दिनुपर्‍यो । उनले भने, 'हामीले लामै समयदेखि सार्वजनिक वृत्तमा सुन्दै आएका

>>> पृष्ठ २ मा



अध्यादेश ल्याउने भनेको संसद् नचलेकै बेलामा हो । संविधानले नै संसद् नचलेका बेला मात्रै अध्यादेश ल्याउने व्यवस्था गरेको छ, हैन र ?

**केपी शर्मा ओली**
प्रधानमन्त्री



सरकारले व्यावसायिक वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याएको हो । लगानीको अनुकूल वातावरण बनाउन अध्यादेश ल्याउनु परेको हो

**शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस

### रास्वपाको बहिष्कार

कार्यव्यवस्था परामर्श समितिमा विरोधको कुनै सूचना नदिएको संसद्को चौथो ठूलो दल रास्वपाका कारण बैठक केही समय प्रभावित हुन पुग्यो । सभामुख घिमिरेले समितिमा अवरोधको कुनै सूचना नदिइ सदनमा बोल्न माग गरेपछि असन्तुष्टि जनाएका थिए । अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा बोल्ने अभ्यास छ । तर, रास्वपाले बैठकमा आकस्मिक समयमा धारणा राख्न पाउनुपर्ने

>>> पृष्ठ २ मा

# बढ्दै क्रिप्टोकरेन्सी कारोबार छैन नियन्त्रण गर्ने कानुनी आधार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ माघ ।

सिंगापुरको क्रिप्टो पेमेन्ट गेटवे ट्रिपल एले सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार नेपालमा १.४५ प्रतिशत जनसंख्याको क्रिप्टोकरेन्सीमा लगानी छ । अर्थात्, उक्त प्रतिवेदन अनुसार नेपालमा ४ लाख २३ हजार ८ सय ४० जना क्रिप्टो प्रयोगकर्ताहरू छन् । यो संख्या बढ्दो रहेको अनौपचारिक तथ्याङ्क छ ।

नेपालमा क्रिप्टोकरेन्सी कारोबार गैरकानुनी छ । यसकारण यस्तो कारोबारमा संलग्न रहेको आरोपमा नेपाली र विदेशी नागरिक पक्राउ पर्ने गरेका छन् । पक्राउ परेकामाथि गैरकानुनी कारोबारमा संलग्न रहेको कसूरमा मुद्दा चल्छ । तर, यससम्बन्धी प्रष्ट कानुनी व्यवस्था नहुँदा समस्या भएको भनेर नेपाल कानुन आयोगले सरकारको ध्यानाकर्षण गरेको छ ।

कानुन आयोगले क्रिप्टोकरेन्सीबारे अध्ययन गरेको छ । अध्ययनपश्चात आयोगले कानुनी स्पष्टताका लागि आग्रह गरेको हो ।

'नेपाल जस्तो वित्तीय साक्षरता कम भएको मुलुकमा वित्तीय सेवाका उपभोक्ताहरू असुरक्षित हुने र लगानी डुब्ने बढी सम्भावना रहन्छ' अध्ययनमा भनिएको छ । अध्ययनको सुझाव खण्डमा अगाडि भनिएको छ, 'यसकारण नेपालले क्रिप्टोकरेन्सीको कारोबार तथा व्यवसायको लागि छुट्टै नयाँ विवेकपूर्ण कानुन बनाउन आवश्यकता रहेको छ ।'



नेपालमा अवैध मानिएको क्रिप्टोकरेन्सी, हाइपर फण्ड कारोबारीहरू एकपछि अर्को गरी सार्वजनिक भइरहेका छन् । यसकारण पनि कानुनी प्रष्टता आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् । प्रहरीकाअनुसार नेपाली पैसा अवैधरूपमा विदेशिने र डिजिटल नेटवर्किङमा ठगिनेक्रम बढ्दो छ । शुक्रबार मात्रै क्रिप्टोकारोबार तथा अनलाइन स्क्याम (ठगी) गरेको आरोपमा प्रहरीले काठमाडौंका विभिन्न स्थानबाट सात जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)का अनुसार पक्राउ परेका सात जनाको समूहले हालसम्म अभौतिक मुद्राको कारोबार गरेर तीन अर्बभन्दा बढी रकम ठगी गरेको पाइएको छ । यो रकम डिजिटल फरेन्सिक रिपोर्टको विवरणबाट प्राप्त भएको प्रहरीको भनाइ छ ।

पक्राउ परेकाविरुद्ध मुलुकी फौजदारी अपराध संहिताको दफा २६२ को अभौतिक मुद्राको प्रयोग गर्न नहुने कसुरमा अनुसन्धान सुरु गरिएको छ । अर्थात, क्रिप्टोकरेन्सी सम्बन्धी छुट्टै ऐन छैन । यसकारण छुट्टै ऐन नै बनाएर नियमन वा नियन्त्रण गर्न कानुन आयोगले सुझाएको हो ।

सिंगापुरको क्रिप्टो पेमेन्ट गेटवे ट्रिपल एले सार्वजनिक गरेको एक प्रतिवदेनअनुसार नेपालमा १.४५ प्रतिशत जनसंख्याको क्रिप्टोकरेन्सीमा लगानी छ । अर्थात्, उक्त प्रतिवेदनअनुसार नेपालमा ४ लाख २३ हजार ८ सय ४० जना क्रिप्टो प्रयोगकर्ताहरू छन् । यो संख्या बढ्दो रहेको अनौपचारिक तथ्याङ्क छ । बढ्दो कारोबारलाई नियमन गर्न वा नियन्त्रण गर्न नयाँ कानुन नै आवश्यक रहेको कानुन आयोगको निष्कर्ष छ ।

कानुन आयोगले क्रिप्टोकरेन्सीलाई नियमन गर्नुपरेमा नेपाल राष्ट्र बैंकलाई प्रमुख जिम्मेवारी दिन सुझाएको छ । राष्ट्र बैंकले भने क्रिप्टोकरेन्सी कारोबार नगर्न बारम्बार आग्रह गर्दै आएको छ ।

# बजेटमा योजना समेट्न 'आयोजना बैंक'

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १८ माघ

कर्णाली प्रदेश सरकारले आयोजना बैंक सुरु गरेको छ । प्रदेश योजना आयोग अन्तर्गत रहने गरी सरकारले आयोजना बैंक सुरु गरेको हो ।

बजेटमा व्यवस्थित ढंगले योजना समेट्नका लागि आयोजना बैंक सञ्चालन सुरु गरिएको योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले जानकारी दिए । उनले बजेटमा अनुसन्धानको महत्व रहेको बताउँदै योजनाहरूको द्रुत कार्यान्वयन र




दोहोरोपना हटाउन 'आयोजना बैंक' सुरु गरिएको बताए ।

उपाध्यक्ष योगीकाअनुसार बजेट बनाउँदा प्रदेश सरकारले चर्को आलोचना खेप्नु परेको र त्यसको अन्त्यको लागि आयोजना बैंक सुरु गरिएको हो ।

'प्रदेश सरकारले बजेटमा व्यवस्थित ढंगले योजना समेट्नका लागि हाम्रो कार्यालय

>>> पृष्ठ २ मा

### योजना प्रविष्ट गर्दै मन्त्रालय

लगानीयोग्य योजना छनोट गर्न, पहुँचका आधारमा औचित्यहीन योजनामा समेत बजेट विनियोजन हुने प्रवृत्ति अन्त्य गर्न आयोजना बैंकले महत्त्वपूर्ण भूमिका खेल्दछ । सोही अनुसार प्रदेश सरकारका मन्त्रालयहरू प्रदेश नीति तथा योजना आयोग मातहत रहने आयोजना बैंकको सूचना प्रणालीमा योजनाहरू प्रविष्ट गर्ने चरणमा छन् । सो कार्यका लागि प्रदेश योजना आयोगमार्फत


>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# गुरुङको उम्मेदवारीविरुद्ध अन्य ६ दाबेदार एकै ठाउँमा बागी उम्मेदवारको पक्षमा किन निर्णय ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि अध्यक्षको उम्मेदवारमा दाबी पेश गरेका नेपाल लोकतान्त्रिकव्यवसायी एशोसिएसनमा आबद्ध ६ जना व्यवसायीले उम्मेदवार छनोट गर्ने एशोसिएसन कार्यसमितिको निर्णयको लिखित विरोध गरेका छन् । उनीहरूले शुक्रबार संयुक्त विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेसका तर्फबाट निर्णय सच्याउने बताएका छन् ।



संघको अध्यक्षका लागि सोलार एचआर म्यानेजमेन्ट प्रा.लि.का संचालक प्रज्ञान न्यौपाने, एलाइन्स ह्युमन रिसोर्स प्रा.लि.का संचालक सुजितकुमार श्रेष्ठ, फ्युजन इन्टरनेशनल प्रा.लि.का संचालक कुमुद खनाल, फेमस ह्युमन रिसोर्स प्रा.लि.का संचालक चिरञ्जीबी बस्याल, नीलकमल ह्युमन रिसोर्स प्रा.लि.का संचालक मेघनाथ भुर्तेल, गुरुङ म्यानेजमेन्ट

>>> पृष्ठ २ मा

### कुमुद खनालको नेतृत्वमा १९ सदस्यीय प्यानल घोषणा

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिको निर्वाचनका लागि फ्युजन इन्टरनेशनल प्रा.लि.का संचालक कुमुद खनालको नेतृत्वमा १९ सदस्यीय प्यानल सार्वजनिक भएको छ । खनाल नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका निवर्तमान अध्यक्ष तथा संघका पूर्वप्रथम उपाध्यक्ष हुन् । एशोसिएसनले संघका पूर्वद्वितीय उपाध्यक्ष भुवनसिं

>>> पृष्ठ २ मा

### हरि पाण्डेको अध्यक्षतामा एकता समितिको कार्यसमिति चयन



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समाजको अध्यक्षमा फ्युचर स्टार म्यानपावर प्रा.लि.का संचालक हरिबहादुर पाण्डे क्षेत्री पुनः निर्वाचित भएका छन् । समाजको शुक्रबार सम्पन्न सातौं साधारणसभाले सर्वसम्मतिले नयाँ कार्यसमिति

>>> पृष्ठ २ मा




# सञ्चार मन्त्रालयद्वारा दोस्रो सय दिनका काम सार्वजनिक





**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले वर्तमान सरकार गठन भएको दोस्रो सय दिनमा शतप्रतिशत कार्यसम्पादन गरेको जनाएको छ।

शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी कार्यसम्पादन विवरण सार्वजनिक गर्दै मन्त्रालयका सचिव राधिका अर्यालले मन्त्रालयले सय दिनभित्र सरकारकाले तोकिएका शत्प्रतिशत कार्यसम्पन्न गरिएको बताइन्।

उनले माघ १७ गतेसम्म भएका कार्यविवरण प्रस्तुत गर्दै दूरसञ्चार सेवाको 'नेटवर्क कभरेज ग्याप एसेस्मेन्ट' प्रतिवेदन, डाटा सेन्टरको मापदण्ड तयार भएको, ७५३ स्थानीय तहमा हुलाक कार्यालय सञ्चालनमा आएका बताइन्। जसमा ६७६ हुलाक कार्यालय, छवटा हुलाक निर्देशनालय, एक गोश्वारा हुलाक कार्यालय, ७० जिल्ला हुलाक कार्यालय रहेको र ८० हुलाक काउन्टरसमेत स्थापना भइ सञ्चालनमा रहेको त्यस अवसरमा जानकारी दिइएको थियो।

यस्तै, कागजरहित सरकारको अवधारणा कार्यान्वयन गर्न एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जिआइओएस) सञ्चालनका लागि थप सात वटा निकायमा तालिम सञ्चालन गर्ने भनिएकामा १० वटा निकायमा तालिम सञ्चालन गरिएको, २० प्रणालीको सुरक्षा 'अडिट' सम्पन्न भएको र चालु आर्थिक वर्षमा ३० वटा प्रणाली थप गरी ९३ वटा प्रणालीको सुरक्षा 'अडिट' सम्पन्न भइसकेको छ। सचिव अर्यालले 'फिक्स्ड ब्रोडब्यान्ड' सेवाको पहुँच शून्य दशमलव ३६ प्रतिशतले विस्तार भएको र यसबाट थप एक लाख ५१ हजार २५ जना लाभान्वित भएको बताइन्।

चालु आवमा 'फिक्स्ड ब्रोडब्यान्ड' सेवा एक दशमलव ७२ प्रतिशत पुगेको छ। यसरी एक दशमलव ७२ प्रतिशत वृद्धि हुँदा थप पाँच लाख १७ हजार ६३ जना लाभान्वित भइ हालसम्म १३ लाख ४२ हजार ५३२ जनाले सेवा प्राप्त गरेको सचिव अर्यालले जानकारी दिइन्।

यस्तै, मोबाइल सेवाको पहुँच विस्तार भइ हालसम्म दुई लाख ३७ हजार ४३६ जना लाभान्वित भएको मन्त्रालयले जनाएको छ। चालु आवमा मोबाइल सेवामा थप १६ लाख ६५ हजार ७० को पहुँचमा भइ हालसम्म दुई करोड ९९ लाख ५४ हजार ७११ जनाले सेवा प्राप्त गरेका छन्। प्राप्त जानकारीअनुसार फोरजी (एलटिई) सेवाको पहुँच विस्तारमा दोस्रो सय दिनभित्र १७ लाख ४९ हजार ३७४ जना लाभान्वित भएका छन् भने पहिलो सय दिनमा समेत गरी हालसम्म दुई करोड ५० लाख ७५ हजार ४१९ जनाले सेवा प्राप्त गरेका छन्। गोरखापत्रका पुराना प्रकाशनको थप ८ वर्षको 'डिजिटलाइजेसन'को कार्यसम्पन्न भएको छ। यस अवधिमा थप १६ वर्षको डिजिटलाइजेसन कार्यसम्पन्न भइ हालसम्म कुल ८४ वर्षको डिजिटल रूपान्तरण गरिएको छ।

रेडियो नेपालका थप एक हजार वटा पुराना 'अडियो टेप'को डिजिटल रूपान्तगरण गर्ने भनिएकामा मन्त्रालयले थप एक हजार ४५३ वटा पुराना अडियो टेपको डिजिटल रूपान्तरण गरिएको छ। यस अवधिभर दुई हजार ८८६ वटा थप गरी हालसम्म ५४ हजार ३८६ पुराना अडियो टेपको डिजिटल रूपान्तरण गरिएको छ। रेडियोको राष्ट्रिय पहुँच थप एक प्रतिशतले वृद्धि भइ हालसम्म ९४ प्रतिशतमा पहुँच विस्तार भएको छ भने टेलिभिजन पहुँच ७२ प्रतिशत पुगेको छ। रेडियो नेपालबाट प्रसारण हुने समावेशी कार्यक्रम दनुवार भाषा थप गरी हालसम्म २५ वटा भाषा पुगेको छ।

गोरखापत्र दैनिकमा बाम्बुले राई भाषा थप गरी समावेशी कार्यक्रम (नयाँ नेपाल) प्रकाशन गरिएको छ। यस आवमा गोरखापत्र दैनिकमा रानाथारू र बाम्बुले राई भाषा थप गरी ४५ भाषामा समाचार प्रकाशन गरिएको छ। यस्तै, मन्त्रालयले मोबाइल नेटर्वक विस्तारमा समेत जोड दिँदै आएको सचिव अर्यालले बताए। जसअन्तर्गत दोस्रो सय दिनभित्र थप शून्य दशमलव ८१ प्रतिशतले मोबाइल सेवा विस्तार भएको छ। एफटिटिएच सेवा ७७ वटै जिल्लामा पुगेको छ। फोरजी/एलटिई सेवा पाँच दशमलव ९९ प्रतिशतले विस्तार भइ हालसम्म ८५ दशमलव ९८ प्रतिशत जनसङ्ख्यामा पुगेको, नागरिक एपमा आबद्ध सरकारी सेवा ६४ पुगेको, जिआइओएसएम लागू भएका थप १० वटा सरकारी कार्यालयमा तालिम सञ्चालन गरिएको र हालसम्म ९५ वटा निकायमा तालिम सञ्चालन गरिएको छ।

यस्तै, २४ कोरमाथिको थप २७८ किमी अप्टिकल फाइबर विस्तार भइ हालसम्म १७ हजार १५० किमी पुगेको छ। दोस्रो सय दिनमा 'फिक्स्ड ब्रोडब्यान्ड' सेवा विस्तार शून्य दशमलव ३६ प्रतिशतले भइ हालसम्म ४४ दशमलव ७२ प्रतिशतले विस्तार भएको छ। मन्त्रालयले साइबर सुरक्षा सूचकाङ्क ६९ दशमलव ७६ प्रतिशत रहेको जनाएको छ।

# अनुशासनपूर्वक खेल खेल्न सभामुख घर्तीको आग्रह




**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, माघ १८

लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगरले अनुशासनपूर्वक खेल खेल्न सुझाव दिएका छन्।

रोल्पाको परिवर्तन गाउँपालिका स्तरीय अन्तर विद्यालय तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई शुक्रबार शहिद स्मृति रंगशाला परिवर्तन गाउँपालिका-५ धामाचौरमा उद्घाटन गर्दै उनले खेल जित्नु मात्र ठूलो कुरा नभई खेल अनुशासनपूर्वक खेल्नु पनि ठूलो कुरा भएको बताए।

मगरले भने। 'खेलमा एक पक्षको जीत र अर्को पक्षको हार स्वभाविक भएकोले मैले जितें भनेर मख्ख पर्न र हार्नेले पनि मैले हारें भनेर निराश हुनुहुँदैन।'

उनले मित्रवत् भावनाका साथ खेल खेल्नु राम्रो पक्ष भएको बताउँदै खेलकुद स्वास्थ्यका र राष्ट्रका लागि भएको उल्लेख गरे।

'शारीरिक स्वस्थ्यका लागि मात्र नभई मानसिक, भावनात्मक र संवेगात्मक रूपमा स्वस्थ्य हुन आवश्यक छ,' उनले भने। नेपालका ७ सय ५३ वटा स्थानीय तह तथा लुम्बिनी प्रदेशको १ सय ९ स्थानीय तह मध्ये परिवर्तन गाउँपालिका पनि एक भएको उनले भने।

गाउँका दुर दराजमा लुकेर रहेका विद्यार्थीहरूको प्रतिभालाई प्रस्फुटन गर्न नै सरकारले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्दै आएको पनि उनले बताए। गाउँपालिका भित्रका विद्यार्थीहरू खेललाई यस्ता प्रतियोगितामा समावेश गराएर उनीहरूमा भएको क्षमताको एक अर्कोसँग प्रतिस्पर्धा गराई छनोट भएका खेलाडी आगामी दिनमा हुने जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा सहभागी हुने अवसर समेत पाउने उनले जिकिर गरे।

स्थानीय सरकारले खेलाडी मात्र नभई, दक्ष शिक्षक, जनशक्ति, इन्जिनियर, डाक्टर, पाइल्ट र समाजमा असल व्यक्ति उत्पादन गर्न समेत उनले आग्रह गरे। परिवर्तन गाउँपालिका आफैंमा ऐतिहासिक पालिका भएको र राष्ट्रिय राजनीतिमा यो क्षेत्रबाट ठूलो योगदान गरेको समेत स्मरण गरे।

**विपक्षीलाई...**

छौं- ढिलो भयो, अपेक्षा अनुरूप अवस्थामा परिवर्तन भएन। त्यही अवस्थामा परिवर्तन गर्न सार्वजनिक सेवाका क्षेत्रमा के के सुधार गर्नु पर्छ ? व्यावसायिक क्षेत्रको मनोबल बढाएर उत्पादनमा वृद्धि गर्न कहाँ कहाँ अवरोध छ ? जनताले कहाँ कहाँ कुन कुन कानुनको अल्झनले दुःख पाइरहेका छन् ?'

'संसद् नभएको बेला, संसद्को नियमित प्रक्रियाबाट राष्ट्रिय अपेक्षा प्राप्तिमा ढिला हुने अवस्था- यस्तै बेलामा त हो सरकारले अध्यादेश जारी गर्ने', प्रधानमन्त्रीले भने।

प्रधानमन्त्रीले अझ स्पष्ट गर्दै भने, किन अध्यादेश ल्याएको ? त्यस्तो प्रश्न सोध्ने साथीहरूलाई पनि थाहा छ- अध्यादेश ल्याउने भनेको संसद् नचलेकै बेलामा हो। संविधानले नै संसद् नचलेका बेला मात्रै अध्यादेश ल्याउने व्यवस्था गरेको छ, हैन र ?', प्रधानमन्त्री ओलीले प्रतिप्रश्न गरे।

प्रधानमन्त्री ओलीपछि बोलेका सत्तारुढ दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने अध्यादेशबारे खासै व्याख्या नगरे पनि सरकारले राम्रो काम गर्नेमा आफू विश्वस्त रहेको बताए।

उनले सरकारले व्यावसायिक वातावरण बनाउन अध्यादेशबाट केही कानुन ल्याएको भन्दै लगानीको अनुकूल वातावरण बनाउन अध्यादेश ल्याउनु परेको दलिल पेस गरे।

देउवापछि बोलेका एमाले सचिव तथा सांसद योगेश भट्टराईले अध्यादेशबाट जन्मेका पार्टीका नेता नै अध्यादेशको विरोधमा उत्रेको देख्दा अचम्म लागेको टिप्पणी गरे।

उनले २०७८ सालमा अध्यादेशमार्फत् एमाले विभाजन गरेर माधवकुमार नेपालले पार्टी फुटाएकोतर्फ संकेत गर्दै २०७८ सालमा १६ वटा अध्यादेश आएको र त्यतिबेला प्रधानमन्त्री केपी शर्मा ओली नभएको तर्क गरे।

अर्को सत्तारुढ दल जसपाका अध्यक्ष अशोक राईले अध्यादेशबारे कुनै चर्चा गरेनन्, बरु उनले संसद्बाट छिटो विधेयकहरू अघि बढाएर कानुन बनाउनुपर्ने धारणा राखे।

प्रतिनिधि सभा बैठकमा नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले संसद्को समितिमा विचाराधीन विधेयक फिर्ता नलिई अध्यादेश ल्याएकोमा विरोध गरे।

'सरकारले आवश्यकता अनुसार अध्यादेश ल्याउन पाइन्छ। संविधानमा उल्लेख छ। अध्यादेश संसद्को समितिमा छलफल भइरहेका बेला फिर्ता नलिई सरकार अध्यादेशमार्फत जान खोजेको त्यो बेठिक छ। समितिमै छलफल गरेको भए छिटो कानुन बन्थ्यो। जसरी सरकार संसद् छलेर अध्यादेशको बाटोमा गएको छ। त्यसको विरोध गर्दछौं', पाण्डेको भनाइ छ।

अर्थात, सत्ता पक्षका शीर्ष नेताहरू ओली र देउवाले सत्ता गठबन्धन बलियो रहेको सन्देश संसद्बाट दिएका छन्।

प्रधानमन्त्री ओलीले सरकार लामो नजाने भन्ने माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको अभिव्यक्तिप्रति कटाक्ष गर्दै कांग्रेससँगको गठबन्धन बलियो रहेको दाबी गरे भने कांग्रेस सभापति देउवाले सरकारप्रति दृढ समर्थन रहेको स्पष्ट गरे।

सम्बोधन गर्न रोस्ट्रममा जानुअघि ओलीले लिखित सम्बोधनको एक प्रति प्रचण्डलाई दिएका थिए।

ओलीले दल विभाजनसम्बन्धी अध्यादेश ल्याएर कांग्रेससँग अविश्वास बढाउने आफ्नो योजना नरहेको सन्देश पनि सम्बोधनबाट दिए।

ओलीको प्रतिबद्धताले पार्टी फुटको त्रासमा रहेका नेकपा एसका अध्यक्ष माधवकुमार नेपाललाई राहत मिलेको छ।

संसद्को हिउँदे अधिवेशन आरम्भका अवसरमा प्रतिनिधि सभाको पहिलो दिनको बैठकमा सत्तारुढ दलका शीर्ष नेताले सम्बोधन गरे पनि प्रमुख प्रतिपक्षी दलका नेता प्रचण्डले भने सम्बोधन गरेनन्।

पहिलो दिनको बैठकमा प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले सम्बोधन गरे पनि तेस्रो दलको अध्यक्ष प्रचण्ड बैठकमा बोलेनन्। माओवादीको तर्फबाट प्रमुख सचेतक हितराज पाण्डेले सम्बोधन गरेका थिए। बिहीवार विपक्षी दलको बैठकमा समेत प्रचण्डले संसदमा सम्बोधन गर्ने बताएका थिए, तर संसदमा उपस्थित भएर पनि बोलेनन्। उनले प्रक्रियाका हिसाबले नबोलेका माओवादी नेताहरू बताउँछन्।

ओलीले सम्बोधन गरेपछि सभामुख देवराज घिमिरेले ठूलो दलको हैसियतमा कांग्रेस सभापति देउवालाई समय दिए। त्यसपछि दोस्रो ठूलो दल एमाले सचिव भट्टराईले समय पाए।

प्रधानमन्त्री बोलेपछि प्रमुख प्रतिपक्षी दलको नेतालाई बोल्न दिएको भए प्रचण्डले शुक्रबार नै बोल्ने तयारी गरेका थिए। सभामुखले भट्टराईलाई बोल्न दिएपछि प्रचण्डले पाण्डेलाई बोल्न आग्रह गरेका थिए।

माओवादीका एक नेताका अनुसार प्रचण्डले आगामी दिनको बैठकमा विशेष समय लिएर बोल्ने तयारी गरेका छन्।

संसदको बैठकमा सत्ता पक्षले सभामुखमार्फत हाबी भएको देखिएको छ। विपक्षी दलका नेतालाई बैठकको पहिलो दिन बोल्न दिने संसदीय परम्परा रहे पनि सभामुखले एमाले सचिव भट्टराईलाई बोल्न दिनु नै सत्ता पक्ष हाबी भएको हो।

**रास्वपाको...**

माग राख्यो। उसले समय माग गरे पनि सभामुख घिमिरेले रास्वपालाई दलीय आधारमा पाएको समयमा नै बोल्न आग्रह गरे।

रास्वपाका सांसदले प्रारम्भमै टेबुल ठोक्दै समय मागेका थिए। तर, आफ्नो माग सुनुवाइ नभएपछि रास्वपाका सांसदहरू १५ मिनेटका लागि बैठक बहिष्कार गरेका थिए।

संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले आफूहरूलाई दोस्रो दर्जाको जस्तो व्यवहार गरिएको भन्दै १५ मिनेटका लागि बैठक बहियकार गरेको बताए। रास्वपा १५ मिनेटपछि बैठकमा फर्केका थिए।

**बजेटमा...**

अन्तर्गत रहने गरी आयोजना बैंक सञ्चालन सुरु भएको छ', उनले भने, 'अब प्रदेश सरकार र हामीले व्यवस्थित बनाउने छौं।'

आयोजना बैंक सुरु भएसँगै प्रदेशमा व्यवस्थित रूपले योजनाहरू कार्यान्वयनमा जाने उपाध्यक्ष योगीको दाबी छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममै आयोजना बैंक स्थापना गर्ने उल्लेख गरिएको थियो। योजना छनोट प्रणालीलाई व्यवस्थित गर्न आयोजना बैंक प्रभावकारी हुने अपेक्षा उनको छ। आयोजना छनोट तथा बजेट विनियोजनलाई वस्तुपरक बनाउन र आयोजनाको दोहोरोपना हटाउन 'आयोजना बैंक' स्थापना गरिएको उपाध्यक्ष योगीले बताए। दिगो विकास लक्ष्य हासिल गर्न मद्दत पुऱ्याउने, उत्पादन र उत्पादकत्व बढाउने आयोजनामा बजेट केन्द्रित गर्ने गरी बैंक स्थापना गरेर कार्यक्रम छनोट गरिने उनको भनाइ छ।

कार्यविधि निर्माण गर्ने र सरकारले आवश्यक ठानेको खण्डमा ऐन निर्माण गर्ने गरी काम भइरहेको छ। आयोजना बैंक सञ्चालन पश्चात विभागीय मन्त्रालयहरूबाट सूचना प्रणालीमा योजना प्रविष्ट हुने र मन्त्रालयहरूले प्रविष्ट गरेका योजनाहरूको प्रभावकारिताका लागि पेस गरेका कागजातको आधारमा मूल्याङ्कनसहित प्राथमिकीकरण गरिने उपाध्यक्ष योगीले बताए।

आयोगले निर्धारण गरेको मापदण्डका आधारमा सूचना प्रणालीमा प्रविष्ट भएका योजनाको मूल्याङ्कन तथा प्राथमिकीकरण गरिने उनको भनाइ छ। आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमार्फत् सार्वजनिक गर्न, बजेट तर्जुमा गर्दा प्राप्त सिलिङभित्र प्राथमिकताका आधारमा बजेट प्रस्ताव गरिने जनाइएको छ। प्रदेश योजना आयोगले छनोट गरी निर्धारण गरेको प्राथमिकता क्रमका योजनाहरूबाट प्रदेश गौरवको योजनाहरू, ठूला र बृहत् प्रकृतिका योजनाहरू बजेट दिएर कार्यान्वयनमा जाने बताइएको छ।

विशेष गरी भौतिक पूर्वाधारतर्फका योजनाहरू आयोजना बैंकबाट छनोट गरी कार्यान्वयन गरिने आयोगको दाबी छ। प्रदेश सरकार स्थापनादेखि नै कर्णाली सरकारले आयोजना बैंक निर्माणको चर्चा सुरु गरेको थियो। सरकारले विगतदेखि नै नीति तथा कार्यक्रममै समावेश गरी आयोजना बैंक निर्माणको विषय अघि सार्दै आएको थियो। तर, कार्यान्वयन भने हुन सकेको थिएन। प्रदेश सरकारले पुँजीगत खर्च बढाउनसमेत आयोजना बैंकको परिकल्पना गरेको छ। प्रदेश सरकारको विकास बजेट कार्यान्वयनको अवस्था दयनीय छ।

**योजना...**

विभिन्न चरणमा प्रदेश सरकारका विभागीय मन्त्रालयलाई कार्यशाला समेत सञ्चालन गरिएको थियो। आयोगका उपाध्यक्ष योगीका अनुसार मन्त्रालयहरूले आयोजना बैंकको सूचना प्रणालीमा योजना प्रविष्ट गरिरहेको छन्। आयोजना बैंक सुरु भइसकेको हो भन्ने प्रश्नमा उनले बैंक सुरु भएसँगै मन्त्रालयहरुले अहिले आयोजनाहरूको नाम प्रविष्ट गर्ने कामसमेत गरिरहेको बताए।

'आयोजना बैंक सुरु मात्रै होइन मन्त्रालयहरूले योजनाहरूको नाम पनि प्रविष्ट गर्ने काम गरेरहेका छन्', उनले भने, 'हामी कार्यविधिको अन्तिम चरणमा पुगेका छौं।'

प्रदेश सरकारले तोकेको बजेट सिलिङभित्र रहेर मन्त्रालयहरूले आयोजना बैंक सूचना प्रणालीमा योजना प्रविष्ट गरिरहेको उनले बताए।

आयोजना बैंकमा प्रविष्ट नगरेका योजनामा बजेट विनियोजन नहुने व्यवस्था गर्न, समपूरक र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्दा आवश्यकता र औचित्य पुष्टि हुने गरी आवश्यक कागजातसहित आयोजना बैंकमा प्रविष्ट गर्न मन्त्रालयहरूलाई जानकारी गराइएको छ। सरकारको योजना तथा बजेट निर्माणमा सञ्चालन गर्ने योजनाको सम्भाव्यता, कार्यान्वयन योग्यता र पूर्वतयारीको लेखाजोखा गर्न र उपयोगितालाई अध्ययन गरेर प्रणालीमा प्रविष्ट गर्नुपर्ने उनको भनाइ छ। सोही अनुसार प्रदेश सरकारले तोकेको बजेट सिलिङभित्र रहेर मन्त्रालयहरूले आयोजना बैंक सूचना प्रणालीमा योजना प्रविष्ट गरिरहेको छ।

प्रदेश सरकारले सञ्चालन गर्ने आयोजना वर्गीकरणको वस्तुगत मापदण्ड बनाइ आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा मापदण्डअनुसारको प्रकृति र लागत सीमाका आयोजना मात्र कार्यान्वयन गर्ने गरी काम भइरहेको मन्त्रालयहरूले जनाएका छन्। मन्त्रालयहरूले प्रविष्ट गरेका योजनाको थप अध्ययन र विश्लेषण सहित आयोगले प्राथमिकता क्रम निर्धारण गर्ने र सो प्राथमिकताका आधारमा प्रदेश सरकारले बजेट विनियोजन गर्ने उनले बताए।

प्रदेश सरकारको आयोजना बैंक अभाव हुँदा वार्षिक बजेट कार्यक्रमका लागि आयोजना पहिचान, छनोट तथा रकम विनियोजनमा समस्या हुँदै आएको छ। प्रदेश नीति तथा योजना आयोगका अनुसार प्रदेश सरकारका आयोजनाहरू आवश्यकता र मागका आधारमा हुन नसक्दा समस्या भएको थियो। प्रदेश सरकारको बजेट कार्यक्रममा विज्ञ तथा नागरिक सहभागिता कम, जग्गा प्राप्ति प्रभावकारी नहुनु तथा दाता प्रभावित हुँदा समस्या भएको आयोगको निष्कर्ष छ।

आयोजना बैंक नहुँदा प्रदेश सरकारको बजेट कार्यक्रममा योजनाको संख्या अत्यधिक हुने, लागत विश्लेषण तथा छनोट प्रक्रिया पूरा नहुने, जोखिम मूल्यांकनमा कमजोर, विश्लेषणमा प्राविधिक ज्ञानको कमी, वातावरणीय प्रभाव मूल्याङ्कन नहुने लगायतका समस्या हुँदै आएको थियो। आयोजना बैंकको अभावमा बजेटमा समावेश भएका कार्यक्रमको विस्तृत सम्भाव्यता अध्ययन नहुनु, इन्जिनियरिङ डिजाइनको अभाव, स्रोत साधनको सुनिश्चितता नहुने समस्या बेहोर्नु परेको आयोगको निष्कर्ष छ।

आयोजना बैंक नहुँदा योजनाहरू कार्यान्वयन, सञ्चालन, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणमा समेत समस्या हुँदै आएको थियो। आयोजना कार्यान्वयनमा कमजोर समन्वय, कार्ययोजनाको अभावले थप समस्या भएको आयोगको भनाइ छ। आयोजना बैंकको अभावमा प्रदेश सरकारको कमजोर आन्तरिक प्रतिवेदन प्रणाली, नतिजामुखी अनुगमन र मूल्याङ्कन तथा कार्यान्वयन नहुने अवस्था थियो।

**बागी...**

प्रा.लि.का संचालक भुवनसिं गुरुङ र एसआरके ओभरसिज प्रा.लि.का संचालक किशोर केसीले दाबी पेश गरेका थिए। त्यसमध्ये एशोसिएसनले संघको निर्वाचनका लागि गुरुङ म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक गुरुङको अध्यक्षतामा ९ जना उम्मेदवार सार्वजनिक गरेको थियो।

गुरुङबाहेकका ६ जना आकांक्षीले एशोसिएसन कार्यसमितिको निर्णयको विरोधमा संयुक्त प्रेस विज्ञप्ति जारी गरेका हुन्। विज्ञप्तिमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी फागुन २ गते हुने निर्वाचनका लागि माघ १७ गते सार्वजनिक बिदाको दिन मध्यरात निर्णय सार्वजनिक गर्नुले गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ। उक्त निर्णय पार्टीले लडेको न्याय, समानता, स्वतन्त्रता र पारदर्शिता विपरीत भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। पार्टीको विभिन्न तह र तप्कामा जिम्मेवारी पूरा गर्ने नेपाली कांग्रेसका केन्द्रीय सदस्य, महासमिति सदस्यहरू, महाधिवेशन प्रतिनिधिहरू, पूर्वअध्यक्षहरूलगायत सम्पूर्ण न्यायप्रेमी व्यवसायी उक्त निर्णयप्रति गम्भीर भएकाले निर्णयलाई 'षड्यन्त्रपूर्ण' भन्दै भर्त्सना गरेको विज्ञप्तिमा उल्लेख छ।

'संघको २९औं साधारण सभामा संस्था एवं पार्टीको आधिकारिक उम्मेदवारका विरुद्ध समानान्तर प्यानल बनाइ चुनाव लड्ने उम्मेदवारलाई के आधारमा यस कार्यसमितिले अध्यक्ष पदको उम्मेदवार तय गऱ्यो ?' भन्ने प्रश्न उठाउँदै विज्ञप्तिमा निज उम्मेदवारका कारणले २७औं साधारण सभामा सम्पूर्ण प्यानलसहित विजयी भएको अवस्थामा निजका कारणले गत निर्वाचनमा हार व्यहोर्नुपरेको यथार्थलाई मध्यनजर नगरी पुनः उम्मेदवार छनोट गर्नु आपत्तिजनक र खेदजनक रहेको उल्लेख छ।

त्यसैगरी विज्ञप्तिमा संस्थाले सूचनामार्फत उम्मेदवारी आह्वान गरेपश्चात दर्ता भएका उम्मेदवारबीच सामान्य छलफल समेत नगराइ गरिएको निर्णयले समग्रमा पार्टीको संस्था नै अस्तव्यस्त हुने सम्भावनालाई गहिरो रूपमा अध्ययन गरेको जनाउँदै पार्टीको शुभेच्छुक संस्था भएकाले नेपाली कांग्रेस पार्टीमा निर्णय सच्याउनका लागि निर्णय गराउने उल्लेख गरिएको छ।

**कुमुद...**

गुरुङको अध्यक्षतामा ९ सदस्यीय प्यानल सार्वजनिक गरेपछि खनालको नेतृत्वमा उम्मेदवारको अर्को प्यानल सार्वजनिक भएको हो। अध्यक्षका उम्मेदवार खनालले विधि, पद्धति, आदर्शको रक्षाका लागि आफ्नो नेतृत्वको प्यानल चुनावी मैदानमा आएको भन्दै वैदेशिक रोजगारका एजेन्डालाई निर्णयक निष्कर्षमा पुऱ्याइने मध्यान्हलाई बताए।

उक्त प्यानलको प्रथम उपाध्यक्षमा सोलार एचआर म्यानेजमेन्ट प्रा.लि.का संचालक तथा एशोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, द्वितीय उपाध्यक्षमा फेमस ह्युमन रिसोर्स प्रा.लि.का संचालक तथा संघका पूर्व सचिव चिरञ्जीबी बस्याल, तृतीय उपाध्यक्षमा एलाइन्स ह्युमन रिसोर्स प्रा.लि.का संचालक तथा संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठ, महासचिवमा नीलकमल ह्युमन रिसोर्स प्रा.लि.का संचालक तथा संघका महासचिव मेघनाथ भुर्तेल र कास्की ओभरसिज प्रा.लि.का संचालक अमरप्रकाश तिवारीमध्ये एक जना उम्मेदवार बन्ने सार्वजनिक गरिएको छ।

उक्त प्यानलबाट सचिवमा हाल संघका सचिव रहेका डाइनामिक स्टाफिङ सोलुसन प्रा.लि.का संचालक कर्णराज कटुवाल, कोषाध्यक्षमा हाल एशोसिएसनकी कोषाध्यक्षको जिम्मेवारीमा रहेकी विनर एचआर सोलुसन प्रा.लि.की संचालक हिमा गुरुङ उम्मेदवार बन्ने सार्वजनिक भएको छ।

कार्यसमिति सदस्यमा उज्यालो ओभरसिज प्रा.लि.का संचालक चन्द्रप्रसाद लिम्बू, मार्स म्यानपावर प्रा.लि.का संचालक प्रकाश बोहोरा, शुभहारती मेनपावर प्रा.लि.का संचालक विक्रम श्रेष्ठ, अक्सन इन्टरनेशनल प्रा.लि.का संचालक ईश्वर सापकोटा, रेडियन्ट ओभरसिज प्रा.लि.का संचालक शिवकुमार कार्की, डोटी ओभरसिज प्रा.लि.का संचालक लिलबहादुर तामाङ, राज ग्रुप अफ कम्पनीका संचालक राजकाजी भोलान, इम्प्लोइमेन्ट क्रियसन प्रा.लि.का संचालक हर्कबहादुर लिम्बू, अलोन ओभरसिज प्रा.लि.का संचालक जंगबहादुर इजाम, सिल्भर कर्नर इन्टरनेशनल प्रा.लि.का संचालक कैलाश पाठक, टेस्ला ओभरसिज प्रा.लि.का राजेश्वर राय यादव र सुफी इन्टरनेशनल प्रा.लि.का संचालक विन्देश्वर यादव रहेका छन्। राय यादवले छलफलपछि आफूहरू उम्मेदवार बन्ने वा नबन्ने निर्णयमा पुग्ने बताए।

**हरि...**

निर्वाचित गरेको हो। समाजको कार्यकारिणी उपाध्यक्षमा अल अमल ओभरसिज प्रा.लि.का संचालक खड्कबहादुर क्षेत्री, रोयल गण्डकी ओभरसिज प्रा.लि.का संचालक तारानाथ अर्याल, इक्वेडर इन्टरनेशनल प्रा.लि.का संचालक हरिश्चन्द्र कुँवर र रोयल इन्टरनेशनल प्रा.लि.का संचालक सुशील केसीलाई निर्वाचित गरेको छ।

त्यस्तै साधारण सभाले महासचिवमा इम्प्लोइमेन्ट लिंक प्रा.लि.का संचालक मधुकर रिजाल, सचिवमा प्यासिफिक ह्युमन रिसोर्स प्रा.लि.का संचालक नरेश पुन र त्रिवेणी ओभरसिज प्रा.लि.का संचालक लक्ष्मण पौडेललाई निर्वाचित गरेको छ। कोषाध्यक्षमा ओपस ह्युमन रिसोर्स प्रा.लि.का संचालक पदमबहादुर बिसी, सहकोषाध्यक्षमा मुस्कान ओभरसिज प्रा.लि.का संचालक शालिकराम गौतम निर्वाचित भएका छन्। कार्यसमिति सदस्यहरूमा अलजाफर ओभरसिज प्रा.लि.का संचालक मोहम्मद जवारद्दिन मिया, शिवाकोटी म्यानपावर प्रा.लि.का संचालक भीष्म सिवाकोटी, शुभहारती म्यानपावर प्रा.लि.का संचालक विक्रम श्रेष्ठ, राज ग्रुप अफ कम्पनी प्रा.लि.का संचालक राजकाजी भलोन, गल्फस्टार मेनपावर प्रा.लि.का संचालक दिनेशबहादुर पौडेल क्षेत्री निर्वाचित भएका छन्। समाजको विधानअनुसार अध्यक्षले कार्यसमितिमा दुई जना व्यवसायी मनोनयन गर्नेछन्।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचन समितिका संयोजक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङले पद तथा गोपनीयताको सपथ दिलाए। नवनिर्वाचित अध्यक्ष पाण्डे क्षेत्रीले समाजले स्थापनाकालदेखि गर्दै आएको व्यवसायीको हकहितको सुरक्षा तथा सामाजिक योगदानको कामलाई भविष्यमा थप सशक्त बनाउने बताए।

कार्यकारिणी उपाध्यक्ष अर्यालले व्यवसायीले साधारण सभामार्फत निर्विरोध निर्वाचित गरेर पहिऱ्याएको अबिर र मालाको मर्मअनुसारको काम गर्ने प्रतिबद्धता जनाए। समाजले साधारण सभाका अवसरमा समाज र वैदेशिक रोजगार क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दै समाजका सल्लाहकार तथा भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.का संचालक अग्रज व्यवसायी पदमराज पौडेल, लोकतान्त्रिक एशोसिएसनका पूर्वअध्यक्ष एवं नोकरी नेपाल प्रा.लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, कान्तिपुर म्यानपावर प्रा.लि.का संचालक तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी र असाहय, अनाथ बालबालिकाको शिक्षा दिक्षामा उच्च योगदानका लागि हाम्रो बाल संरक्षण धरोहर नेपालकी विनिता अर्याललाई २५ हजार नगदसहित दोसल्ला ओढाएर सम्मान गरेको छ।

**वन पैदावार काठ बोलपत्रद्वारा लिलाम बिक्री सूचना**

**सूचना प्रकाशन मिति : २०८१/१०/१९ गते**

श्री स्यालेपानी सामुदायिक वन उपभोक्ता समूह, बराहताल गा.पा.-०४, सुर्खेतको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड ३३ थानको ५७५.७० क्यूफिट, बी ग्रेड ५२ थानको ७०८.९० क्यूफिट, सी ग्रेड १४ थानको ११६.४० क्यूफिट गरि कूल ९९ थानको १४०१ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री सानुडाँडा सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, बराहताल गा.पा.-०४, सव-डिभिजन वन कार्यालय, थापाडेरा, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री स्यालेपानी सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा. वडा नं.-०४, सुर्खेत**

**यूएईमा रोजगार**

कम्पनी: ELITE FORCE PROPERTY GUARD & SURVEILLANCE SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२० चलानी नं.: ६०२२७५०३ L.T. No.: 313097 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guards | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 9 | 1 | | 1200 | ४५,१९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ माघ २६ गते (8 February 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

इजाजत पत्र नं. ६५७/०६३/०६४

# भक्तपुरमा बाल अदालत गठन गरिने

**काठमाडौं/मस–** सरकारले भक्तपुरमा बाल अदालत गठन गर्ने निर्णय गरेको छ। यही माघ १५ गते बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार आगामी वर्षको वैशाख २ गतेदेखि बाल अदालत सञ्चालनमा ल्याइनेछ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले शुक्रबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै बालबालिकासम्बन्धी ऐन बमोजिम काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासबाट हेरिने मुद्दाको प्रादेशिक क्षेत्राधिकार रहनेगरी भक्तपुरमा बाल अदालत गठन गर्ने निर्णय भएको जानकारी दिए।



सरकारले सिक्टा सिँचाइ आयोजनाका लागि आवश्यकपर्ने बाँकेको नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, वैजनाथ, जानकी, डुडुवा, राप्तीसोनारी र नरैनापुर गाउँपालिकामा निजी जग्गा प्राप्ति गर्न स्वीकृत दिने निर्णय गरेको छ। सरकारले थाइल्याण्डमा विसं २०८१ माघ १५ देखि २० सम्म आयोजना हुने 'प्रेस्टिजियस एनुअल मिटिङ अफ द प्रिन्स महिडोल अवार्डस कन्फ्रेन्स' (पिएमएसी) कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्तहरू क्रमशः डा सुमित्रा श्रेष्ठ अमात्य र किशोरकुमार सिलवाल आगामी फागुन १३ देखि २० सम्म 'एसियन इन्टिच्युट अफ टेक्नोलोजी' (एआइटी) मा सञ्चालन हुने 'गर्भनेन्स एण्ड एन्टी-करप्सन इरेडिसन स्ट्रेजी' विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरूङले जानकारी दिए।

त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने, विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकास कार्यक्रम (दोस्रो) का लागि विश्व बैंकको विकास नीति ऋणअन्तर्गत प्राप्त हुने १० करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय भएको छ।

वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा २१ बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकलाई निरीक्षण अधिकृत तोक्ने र निरीक्षण अधिकृतको कार्यक्षेत्र नेपाभर रहने निर्णय गरिएको छ। त्यस्तै बोराङ नौबिसे (रातमाटे) २२० केभी प्रसारण लाइनको टावर निर्माण गर्न धादिङको रूबिभ्याली, खनियाबास, नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी गाउँपालिका र नीलकण्ठ नगरपालिका तथा नुवाकोटको तारकेश्वर गाउँपालिका र बेलकोटगढी नगरपालिका क्षेत्रमा पर्ने निजी जग्गा प्राप्ति गर्न स्वीकृत दिने सरकारको निर्णय गरेको छ।

गल्छी रातामाटे दुई सय २० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत धादिङ र नुवाकोटमा दुई सय २० केभी प्रसारण लाइन आयोजनाको टावर प्याड निर्माणका लागि धादिङको गल्छी गाउँपालिका र नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा निजी जग्गाप्राप्ति गर्न स्वीकृत दिने निर्णय गरेको छ।

नेपाली सेनाका अवकाश प्राप्त उपरथी यामप्रसाद ढकाललाई राष्ट्रिय सेवा दलको कार्यकारी महानिर्देशकमा नियुक्त सरकारले निर्णय गरेको छ। रामराजप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने निर्णय गरेको छ।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूचीमा हेरफेर तथा थपघट गर्न स्वीकृति दिने, निजामती सेवाका विभिन्न सेवा, समूह र उपसमूहका राजपत्राङ्कित द्वितीय श्रेणीका १९ जना अधिकृतहरूलाई बढुवा समिति/लोकसेवा आयोगको सिफारिसअनुसार सम्बन्धित सेवा, समूह र उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा बढुवा नियुक्ति गर्ने निर्णय छ।

त्यस्तै, मन्त्रिपरिषद्ले यस वर्षको सहिद दिवस (माघ १६ गते) संघ, प्रदेश र स्थानीय तहले भव्य रूपमा मनाउने भनिएकामा निर्णयबमोजिम सम्पन्न भइसकेकोसमेत मन्त्री गुरूङले पत्रकार सम्मेलनमा जानकारी दिए।

# जसपा नेपालको कार्यकारिणी समिति बैठक आज




**काठमाडौं/मस–** जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक शनिबार बस्दैछ। पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा बस्ने बैठक आइतबारसम्म चल्नेछ।

बैठकमा समसामयिक राष्ट्रिय राजनीतिक बिषयसहित पार्टीको संगठनात्मक कार्यदिशाबारे छलफल र करिब ६ महिनादेखि पार्टीले सञ्चालन गर्दै आएको 'जनतासँग जसपा नेपाल, सङ्गठन निर्माण अभियान' को बृहत् समीक्षा हुने छ।

यसअघिको बैठकले केन्द्रदेखि वडास्तरसम्म जारी संगठन निर्माण अभियान कार्यकर्ता र जनतामाझ अत्यन्तै लोकप्रिय, प्रभावकारी र उत्साहजनक रहेको निष्कर्ष निकाल्दै पुस र माघ मसान्तसम्मका लागि अभियानको समयावधि थप गरेको थियो।

कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुलाई तोकिएको जिम्मेवारीअनुसार आ–आफ्नो कार्यक्षेत्रअन्तर्गत भए गरेका कार्य प्रगति विवरणको लिखित प्रतिवेदनसहित बैठकमा अनिवार्य उपस्थित हुन भनिएको छ।

मधेशकेन्द्रित दलहरू संयुक्त मोर्चा बनाएर सडकदेखि सदनसम्म संघर्ष गर्ने अन्तिम तयारी गरिरहेको बेला सोबारे पनि जसपा नेपालको कार्यकारिणी बैठकमा छलफल हुने बताइएको छ।

# संगठन बलियो बनाउने तर्फ लाग्न नेता–कार्यकर्तालाई निर्देशन

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८माघ



नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अम्मरसिंह पुनले गठबन्धनको पक्ष र विपक्षका बारेमा बहस गर्नुभन्दा संगठन बलियो बनाउनेतर्फ लाग्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन दिएका छन्।

नेपाली कांग्रेस मालारानीले खनमा आयोजना गरेको दुई दिने पालिका स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रमलाई उद्घाटन गर्दै सभापति पुनले नेपाली कांग्रेसको नेतृत्वमा देशमा ठूला–ठूला परिवर्तन भएको तर नेता कार्यकर्ताले प्रचार-प्रसार गर्न नसक्दा कांग्रेसले गरेका हरेक गतिविधिहरु ओझेलमा पर्ने गरेको बताए।

कांग्रेसले गरेका गतिविधिहरु जनताको बीचमा लैजान उनले आग्रह गरे। अन्य दलसँग गठबन्धन गरेकै कारण नेपाली कांग्रेसले स्थानीय तह, प्रदेश र संघमा समेत सोचे अनुसारको नतिजा ल्याउन नसकेको बताउँदै पुनले अब कांग्रेसका कुनै कार्यकर्ताले अन्य पार्टीको चुनाव चिन्हमा मतदान गर्न नपर्ने गरी संगठन निर्माणमा होमिन सके २०८४ सालमा कांग्रेस एक्लै चुनाव लड्ने र बहुमत ल्याउन सक्ने दाबी गरे।

पुनले चैत मसान्तभित्र क्रियाशिल सदस्यता नविकरणको काम नगरे त्यसपछि नविकरण नहुने भएकोले समयमा नविकरण गर्न कार्यकर्तालाई निर्देशन दिए।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री बिष्णुप्रसाद खनाल मुस्कान, नेपाली कांग्रेसका जिल्ला सभापति केशव श्रेष्ठ, नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य शान्ता भण्डारी, नेपाली कांग्रेस प्रशिक्षण विभाग प्रमुख पार्टी उपसभापति बिष्णुप्रसाद भुसाल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

# फरार १८ प्रतिवादी पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ माघ

रौतहटमा १८ जना फरार प्रतिवादीहरु पक्राउ परेका छन्। पक्राउ परेकाहरुलाई २०८१ माघ १५ गते जिल्ला अदालतले कैद तथा जरिवाना सजाय तोकेको थियो।

सजाए पाएपछि उनीहरु फरार भएका थिए। जिल्ला प्रहरी कार्यालय तथा मातहतबाट खटिएको प्रहरी टोलीले खोज तलास गरी उक्त फरार प्रतिवादीहरुलाई पक्राउ गरेको हो। फरार प्रतिवादीहरुलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित रौतहट जिल्ला अदालतमा पठाइएको प्रहरीले जनाएको छ।

पक्राउ परेका गरिश महरा चमारलाई अपराध किर्ते जालसाजीमा १ सय रुपैयाँ जरिवाना तोकिएको छ। यस्तै लुटपिट गाली बेइज्जती मुद्दामा शेख जाकीरलाई ७३ रुपैयाँ जरिवाना तोकिएको छ।

यसैगरी सगीरा खातुनलाई लुटपिट गाली बेइज्जती मुद्दामा रु.६ जरिवाना तोकिएको छ।

जितन राय यादवलाई गाली, बेईज्जती मुद्दामा जरिवाना रु.१२ जरिवाना तोकिएको छ। उमापती देवी र रूदल सहनी दुबै जनालाई कुटपिट मुद्दामा रु.१ जरिवाना तोकिएको प्रहरीले विज्ञप्तिमार्फत जानकारी गराएको छ।

यस्तै कोशिला देवी कल्वारलाई जालसाजी मुद्दामा

रु.१, सन्तोष कुमार जरिवानालाई रु.१, आशा देवीलाई रु.६, रामसिहासन साहलाई रु.१० साह र साहेबलाल साहलाई रु.१० रुपैयाँ जरिवाना तोकेको छ।

त्यस्तै गंगाजली देवीलाई अपराध किर्ते मुद्दामा रु.५०, ललितादेवी दास अपराध, कुटपिट, लुटपिट मुद्दामा रु.५० जरिवाना तोकेको छ।

प्रभादेवीलाई गाली, बेईज्जती मुद्दामा रु.२ सय पचास रुपैयाँ जरिवाना तोकेको छ। यसैगरी महेन्द्र राय यादवलाई कुटपिट मुद्दामा रु. १ सय २५ जरिवाना तोकिएको छ भने गेनालाल साह, सियाराम साह, रामनाथ साहलाई जग्गा खिचोला मुद्दामा रु. ५ सय जरिवाना तोकिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक दिपक कुमार रायले बताए।

# सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरण



**महोत्तरी/मस–** महोत्तरीका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी लालपूर्जा वितरण गर्न निवेदन उपर जाँचबुझ थालिएको छ। आयोगमा परेको हजारौं निवेदन उपर छानबिन सुरु भएको भूमि समस्या समाधान आयोग महोत्तरीका अध्यक्ष पिताम्बर महतोले बताए।

यसअघि ज्ञानबहादुर गोले अध्यक्ष रहेको आयोगमा १ हजार ६७४ भूमिहीन दलित, २ हजार २११ भूमिहिन सुकुम्बासी र ८ हजार २८२ अव्यवस्थित बसोबासीले भोगचलन गर्दै आएको जग्गाको लालपूर्जा माग गर्दै निवेदन दिएका थिए। वर्षौंदेखि बसोबास गर्दै आएका महोत्तरीका १२ हजार २८२ घरपरिवारले जग्गाधनीको लालपूर्जा माग गर्दै आयोग पुगेका थिए। त्यस मध्ये बर्दिबास नगरपालिका–२ बुद्धचोकका १५ भूमिहीन दलित र ३८ भूमिहीन सुकुम्बासी गरी ५३ घरपरिवारले जग्गाधनीको लालपूर्जा पाएको अध्यक्ष महतोले बताए।

'हामीले यस अघिका आयोगमा परेको उजुरी उपर छानविन गरेर प्रक्रिया पूरा भएका परिवारलाई लालपूर्जा दिन्छौं', महतोले भने, 'छिटफुट भएकाहरूलाई फेरि एकपटक आयोगको जिल्ला समितिले निवेदन आह्वान गर्ने तयारीमा छ।'

# चितवनमा राष्ट्रिय डेरी एक्स्पो हुने



**काठमाडौं/मस–** नेपालमा नै पहिलो पटक प्रथम राष्ट्रिय डेरी एक्स्पो २०८१ चितवनको भरतपुरमा हुने भएको छ। चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड र चितवन उद्योग संघले आत्मनिर्भर रहेको डेरीजन्य उद्यमशिलताको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले डेरी एक्स्पोको आयोजना गर्न लागिएको जानकारी दिएको हो।

एक्स्पोले दुग्ध क्षेत्रको बृहत् विकासका लागि साझा मञ्च प्रदान गर्ने र नया प्रविधि र नवप्रवर्द्धन र बजार विस्तार र ब्राण्ड प्रवर्द्धनमा मद्दत पुग्ने चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सघका अध्यक्ष किशोर बगालले बताए। एक्सपोले डेरी उत्पादन प्रक्रिया र वितरण प्रणालीका नविनतम प्रविधि तथा अभ्यासहरु लाई प्रोत्साहित गर्ने उनले बताए।

किसान उद्योगी र व्यापारीलाई एकै थलोमा ल्याएर व्यवसायीक सञ्जालको अवसर सिर्जना गर्नु उपभोक्तालाई डेरी उत्पादनको महत्व फाइदा तथा गुणस्तरसम्बन्धी जानकारी प्रदान गर्ने एक्स्पोको उद्देश्य रहेको उनले बताए।

चितवन उद्योग संघका कार्यवाहक अध्यक्ष मदन घिमिरेले नेपालको डेरी उद्योगलाई अन्तराष्ट्रिय बजारीकरण गर्नुका साथै नवप्रविधिबारे जानकारी दिन पहिलो पटक राष्ट्रिय डेरी एक्स्पोको आयोजना गरिएको बताए।

प्रथम राष्ट्रिय डेरी एक्स्पो चितवन उद्योग संघको आयोजना र चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेडको सहआयोजनामा हुन लागेको हो। २५ माघदेखि २७ गते सम्म आयोजना हुने एक्सोमा नेपाल र भारतका करीब ५० वटा डेरीका परिकारदेखि नयाँ प्रविधि र उद्योगका स्टलहरू रहने छन्।

एक्स्पो करीब ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। चितवनमा हाल ३ लाख ५० हजार दूध उत्पादन हुँदै आएको छ।

# अस्पताल भवन निर्माणको माग गर्दै धर्ना



**वीरगन्ज/मस–**वीरगञ्जको नारायणी अस्पतालमा ५ सय शैयाको भवन निर्माणका लागि दबाब दिन चिकित्सकहरू धर्ना बसेका छन्। शक्रबार नारायणी अस्पताल भवन निर्माण संघर्ष समिति धर्नामा बसेको हो।

अस्पताल निर्माणको लागि टेन्डर भए पनि लामो समयदेखि निर्माण कार्य सुरु नभएको हुनाले बाध्य भएर धर्ना कार्यक्रम गर्न लागिएको संघर्ष समितिका संयोजक डा.नीरजकुमार सिंहले बताए।

उनका अनुसार विगत लामो समयदेखि प्रयासरत रहँदा पनि नारायणी अस्पतालको भवन निर्माण हुन सकेको छैन। नेपालका अन्य केन्द्रीय अस्पतालहरूमा भने ५ सय शय्याको भवन निर्माण भइ कार्य सञ्चालन समेत भइसकेको उनको भनाई छ।

# गेरुवा गाउँपालिकामा चौथो कृषि मेला सुरु

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १८ माघ



बर्दियाको गेरुवा गाउँपालिकामा चौथो कृषि मेला प्रदर्शनी सुरु भएको छ। गेरुवा गाउँपालिका तथा पालिका स्तरीय कृषक समन्वय समितिको आयोजनामा गाउँपालिकाको वडा नम्बर–३ बालुवाटारमा कृषि मेला प्रदर्शनी सुरु भएको हो।

पालिकाभित्र उत्पादन भएका कृषि उपजको प्रचार-प्रसार गर्दै कृषि उत्पादनका लागि किसानबीच प्रतिष्पर्धात्मक वातावरण बनाउने लक्ष्यका साथ गेरुवा गाउँपालिकाले पहिलो पटक २०७४ सालमा कृषिमेला प्रदर्शनीको आयोजना गरेको थियो।

२०७५ सालमा मेलाको आयोजना गरेर निरन्तरता दिन नसकेको गाउँपालिकाले पुनः २०८० देखि नियमितरुपमा पालिका स्तरीय कृषि मेला प्रदर्शनीको आयोजना गर्दै आएको छ। 'समृद्ध गेरुवा गाउँपालिकाको निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार' भन्ने नाराका साथ गेरुवा गाउँपालिको वडा नं. ३ बालुवाटारमा शुक्रबारदेखि सञ्चालन भएको कृषि मेला प्रदर्शनीको नेपाली कांग्रेसका सह-महामन्त्री एवं संघीय सांसद किशोर सिंह राठौरले उद्घाटन गरेका हुन्।

कृषि मेलाले कृषकका अनुभव आदान-प्रदान गर्न सहज वातावरण निर्माण गर्ने, कृषकहरु प्रविधिको बारेमा जानकार हुने, स्थानीय उत्पादित बाली वस्तुको प्रवर्द्धन तथा प्रचार-प्रसार गर्न सहयोग पुग्ने, कृषकलाई उत्पादनमा प्रोत्साहित गर्दै रैथाने बाली वस्तुको प्रवर्द्धनमा अग्रसर बनाउने र स्थानीय उत्पादनको बजारीकरणका लागी टेवा पुऱ्याउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरबहादुर चन्दले बताए।

३ दिनसम्म चल्ने कृषि मेलामा कृषकहरुले आफूले उत्पादन गरेका कृषि उपजहरु स्टलमा सजायर प्रदर्शनीका लागी राखेका छन्।

प्रदर्शनी भएका कृषिजन्य वस्तुहरूलाई विभिन्न १२ वटा विधामा वर्गीकरण गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने कृषकलाई पुरस्कार प्रदान गरिने छ। जसमा स्थानीय भेषभुषासहितको कृषिमा सन्देशमूलक सांस्कृतिक कार्यक्रम र स्टल सजावट पनि समावेश छ। मेलामा निःशुल्क बाली उपचार शिविर समेत सञ्चालन गरिएको छ। जहाँबाट किसानहरुले निःशुल्क औषधी पनि पाउन सक्नेछन्। मेलामा पालिकाका अगुवा कृषकहरुलाई समेत सम्मान गरिने पालिकाले जनाएको छ।

प्रदर्शनीमा खाद्यान्न बाली, तरकारी बाली, नगदे बाली, फलफूल बाली, आलु बाली, मसला बाली, माछा, हांस, मौरी, च्याउ र रैथाने बाली गरी ६ सय बढी सामग्री राखिएको छ।

कृषि मेला प्रदर्शनी गाउँपालिका भरीका कृषकहरु एकै ठाउँमा भेला भइ एक अर्काका अनुभवहरु साटासाट गर्ने थलो बनेको छ।

आफूले उत्पादन गरेका कृषि उपजको प्रचार-प्रसार गर्न राखिएका कृषि उपजहरुको मूल्याङ्कनका आधारमा पुरस्कृत गरिने भएपछि कृषकहरुमा कृषि उत्पादनमा प्रतिस्पर्धाको वातावरण समेत निर्माण गरेको छ।

अगुवा कृषकहरुलाई सम्मान गर्दा कृषि पेसा अंगालेका कृषकहरुको आत्मसम्मान बढेको कृषकहरुले बताएका छन्।

निरन्तर रूपमा गरिने यस्ता मेला तथा प्रदर्शनीले एक ठाउँका कृषकलाई अर्को ठाउँका नमूना कृषकको सिको गराउँदै समग्र कृषकलाई व्यवसायिक बन्नका लागि प्रोत्साहित गर्ने छ भने निर्वाहमूखी कृषिबाट व्यावसायिक कृषि पेशामा लाग्न कृषकहरुलाई उत्प्रेरित गर्दै कृषि पेशालाई प्रवर्द्धन गर्नमा समेत सहयोग पुग्ने देखिन्छ।

समाज/संस्कृति

# चाकु संस्कृति र टोखा

*टोखा समुदायका मानिसहरूले जन्मदेखि मृत्युसम्मको संस्कारहरु गर्दा चाकुको अनिवार्यता रहेको देखिन्छ । चाकुको महत्व बुझी हास्यकलाकार मदनकृष्ण श्रेष्ठले 'टोखा या चाकु मचा बुल हाकु.....' भन्ने गीत बनाएका छन् । यसले चाकुको प्रख्यातिलाई दर्साउँछ ।*



■ श्याम मदन के.सी.

टोखा प्राचीनकादेखि बस्दै आएको बस्ती हो । यस बस्तीबारे थनेलाछी टोलको नारायण मन्दिरको नजिक रहेको संवत् ५१९ अंकित शिवदेव र अंशुवर्माले राखेको संयुक्त अभिलेखले पुष्टि गरेको छ । ऐतिहासिक सांस्कृतिक नगरी टोखाको जीवन्त मौलिक परम्परागत व्यावसायिक सिप, सम्पदा र संस्कृतिको रूपमा रहेको उत्कृष्ट परिकार चाकु हो । परम्परागत नेवाः संस्कृति, संस्कारसँग अति निकट रहेको विभिन्न खाद्य परिकारहरू मध्ये चाकुको विशेषता विशेष खालको छ । देशका विभिन्न भू-भागमा छरिएर रहेका नेवार समुदायमा जन्मदेखि मृत्युसम्मका संस्कारमा अनिवार्य रूपमा चाकुको प्रयोग गर्ने गरेको देखिन्छ । चाकुसित सम्बन्धित संस्कृति, परम्परा, प्रथा, चलन र चाडपर्व हुनुले चाकुको इतिहास प्राचीनकादेखि भएको मान्न सकिन्छ ।

नेपालीहरूको महत्वपूर्ण पर्व माघे संक्रान्ति, जसलाई नेपाल भाषामा 'ध्यूःचाकु सल्हु' सबैले मनाउने गरेका छन् । त्यस दिन नेपालका हरेक घरपरिवारमा चाकुको उपयोग गर्दछन् । चाकुलाई प्रायः जाडोको चाडपर्वका समयमा खाने चलन छ । जाडो समयमा चाकु खानाले शरीरमा न्यानो र शक्ति बढाउने जनविश्वास रहेको देखिन्छ ।

चाकु संस्कृतिले नेपाली समाजमा सामाजिक, सांस्कृतिक र धार्मिक रूपमा गहिरो प्रभाव पारेको पाइन्छ । यो चाकु बनाउने संस्कृतिको विकास गर्ने प्रविधि नेपालको आफ्नै रहेको छ । यद्यपि, चाकु परिकारको तथ्यपरक लिखित इतिहास पाउन सकिएको छैन । इतिहासकारहरूले दिएको जानकारीअनुसार बहुचर्चित खाद्य वस्तुको रूपमा रहेको चाकुको उत्पादनको प्रमुख केन्द्र टोखालाई मानेका छन् । टोखामा प्राप्त भएको लिच्छवि कालिन अभिलेखमा तिलमक उल्लेख गरिएको पाइन्छ । तिलमकको अर्थ धनबज्र बज्राचार्यले कुलो भएको निष्कर्ष निकाल्नु भएको छ । कुलो निर्माणको प्रक्रिया किराँतकालीन समयमा भएको मानिन्छ । यसबाट त्यस बेला व्यावसायिक कृषि र उखु खेतीको लागि कुलोको व्यवस्था गरेको देखिन्छ ।

टोखामा किराँती राजा यलम्बरलाई स्थानीय भाषामा प्राचीन हाथु द्योःको रूप मानेर पूजा गर्दै आएको कथा पाइन्छ । यसले टोखामा बस्तीको विकास किराँत कालमा भएको मान्न सकिने आधार दिएको छ । टोखामा चाकुको आविष्कार त्यसै बेलादेखि हुँदै आएको अनुमान गर्न सकिन्छ । टोखामा प्राप्त भएका तत्कालीन ऐतिहासिक स्रोतहरूमा टोखा ग्राम, दोखादेश, जयपुरी नगर र लक्ष्मीपुर सम्बोधन गरेको देखिन्छ । यसरी विविध नामकरण गरे तापनि प्राप्त अभिलेखमा टोखा नामकरण गरिएको छ ।

टोखा नामकरणको ऐतिहासिक तथ्य खोज्दा नेपाल भाषाको 'टुख्य' शब्दबाट बनेको देखिन्छ । 'टुख्य' भनेको उखु उत्पादन हुने विशाल फाँटलाई बुझाउँछ । सो भाषामा उखुलाई 'टु' र फाँटलाई 'ख्य' भन्ने गरिएको पाइन्छ । यस कथनअनुसार अघि धेरै उखु उत्पादन हुन्थ्यो सोही 'टुख्य' शब्द अपभ्रंश भई कालान्तरमा टोखा हुन गएको बताइन्छ । यसबाट लिच्छवि कालमा व्यावसायिक रूपमा उखु खेती हुने गरेको तथ्यलाई उजागर गरेको छ । यसै उखुलाई पेलेर रस बनाइ चाकु बनाउने गरिन्छ । चाकु संस्कृति टोखामा बसोबास गर्ने समुदायको धर्म, संस्कृति, विश्वास, इतिहास र पहिचानसँग जोडिएको देखिन्छ । कतिपय विद्धानहरूले 'चाकु' शब्द एक जापानी शब्दको रूपमा परिभाषित गरेका छन् । यसलाई खाजा खानाको वर्णन गर्ने क्रममा प्रयोग गरिएको देखिन्छ । जसलाई अंग्रेजीमा स्न्याकको रूपमा अनुवाद गरिएको छ ।









चाकु बनाउनको लागि आवश्यक पर्ने कच्चा पदार्थको रूपमा रहेको उखुको खेती टोखालगायतका क्षेत्रमा गर्ने गरिएको बताइन्छ । विशेषगरी टोखाको तरचा, न्हयुरे, तेंख्याः, फुसिंतः, फैद्धं, लाम्ने, साइद्धं र इमाद्धं, बुढानिलकष्ठ नजिकको टुसाल, मनमैजु, र फुटुङ्गमा निगाले उखुको खेती हुने गरेको ऐतिहासिक पुस्तकहरूबाट पाउन सकिन्छ । यसरी प्राप्त भएको कच्चा पदार्थलाई चाकु बनाउने उद्योगमा दिने गरेको पाइन्छ ।

चाकु बनाउनलाई ११ जना कामदारको आवश्यकता पर्दछ । चाकु बनाउनका लागि आवश्यक पर्ने सामग्रीहरू विशेषगरी छालाको डोरी, उखु च्याप्ने साधन, उखु पेल्ने लामो काठ मुख्य सामग्रीका रूपमा रहेका छन् । यहाँ चाकु बनाउन सुरु गर्दा र समापन गर्दा भोज खुवाउने चलन छ । यस्ता भोजहरूमा उखु खाल्डोमा राख्ने बेलामा खुवाउने भोज (तुसा पूजा), नाइकेले कामदारहरूलाई खुवाउने भोज (नाय पूजा ) गर्ने परम्परा रहेको देखिन्छ । चाकु निर्माणका क्रममा जाँदा सगुन लिने चलन गरिन्छ । त्यस्तो समयमा कतिपयले हाँसको बलि दिने गरिन्छ । त्यसपछि समय्बजी, माछा, मासु, भटमास राखेर भोज खुवाइन्छ । चाकुको उपयोग उपत्यकामा मनाउने विभिन्न चाडपर्वमा चाकु र पानीको मिश्रण बनाई सर्बत बनाउने गरिन्छ । जसलाई स्थानीय भाषामा 'चाकु ति' र 'साख ति' भन्ने गरेको पाइन्छ ।

यस्तो सर्बतको प्रयोग वागद्धारमेला, सपना तीर्थ मेला, टोखा बिस्काः नखः जात्रा सर्वसाधारणलाई सर्बत बाँड्ने गरिन्छ । यसको लगायत मेलापातमा जाँदा चाकुको रसको पानी खुवाउने प्रचलन यद्यपि कायम रहेको छ । यसरी विभिन्न चाडपर्व, जात्राहरूमा चाकुको सर्बत खुवाउनका लागि छुट्टै गुठीको व्यवस्था गरिएको पाइन्छ । उनीहरूलाई यस गुठीलाई 'चाकु ति गुठि' भनिन्छ । चाकुको सामाजिक तथा सांस्कृतिक महत्व समेत रहेको देखिन्छ । चाकु सुत्केरी महिलामा खुवाउँदा शिशुलाई यथेष्ट पुग्ने गरी दूघ बढ्ने विश्वास गरिन्छ । टोखा समुदायका मानिसहरूले जन्मदेखि मृत्युसम्मको संस्कारहरू गर्दा चाकुको अनिवार्यता रहेको देखिन्छ । चाकुको महत्व बुझी हास्य कलाकार मदनकृष्ण श्रेष्ठले 'टोखा या चाकु मचा बुल हाकु.....' भन्ने गीत बनाएका छन् । यसले चाकुको प्रख्यातिलाई दर्साउँछ ।

नेवार समुदायमा प्रमुख चाड यःमरी पुन्हिको प्रमुख परिकार बनाउँदा चामलको पिठोका गुम्बज आकारमा रोटी बनाउने गरिन्छ । यस रोटीभित्र चाकु राखेर बनाउने गरिन्छ । यसैगरी माघे संक्रान्तिको दिनमा ध्यूः चाकु सल्हु मनाइन्छ । यस संक्रान्तिमा टोखाका आइमाईहरूले लोग्नेका कमाई नखाई माइत गएर चाकु खाने परम्परा हालसम्म कायम छ । यस संक्रान्तिलाई छोरी चेलीको पर्वको रूपमा लिने गरेको पाइन्छ । चाकु परिकारलाई प्राथमिकतामा राखेर मनाउने भएकोले ध्यूः चाकु सल्हु भनिएको हो । घरमा मृत शोक हुँदा १२ दिनसम्म नुनदेखि अन्य खानपिन बार्ने चलन छ । सो अवधिमा प्रमुख परिकारको रूपमा चाकुलाई प्रयोग गर्ने गरेको पाइन्छ । चाकुलाई टोखामा महादेव, सरस्वती, नारायण, भीमसेन, गणेशको पूजामा चाकुलाई अनिवार्य रहेको देखिन्छ ।

टोखाका मानिसहरू धार्मिक तीर्थ यात्रामा गोसाईंकुण्ड अर्थात् सिलुयात्रा जाँदा चाकु लिएर जाने गरेको पाइन्छ । टोखामा मान्छे मर्दा, बच्चा जन्मँदा हुँदा चाकु लिएर छोरीको घरमा जाने प्रचलन छ । त्यसैगरि विवाहका लागि बेहुला पक्षले बेहुलीको घरमा लाखामरि लैजाँदा चाकुलाई सामेल गर्ने गरिन्छ । जाडोमा बच्चाहरूलाई जाडोबाट बचाउनका लागि र स्वास्थ्यकर बनाउन चाकु खुवाउँछन् । उखु पेलेर सुकाएको खोस्टा सुत्केरी र बच्चालाई सेक्दै मनतातो तेल लगाउँदा सुन्निएको, दुखेको सबै निको हुने विश्वास छ । सत्यनारायण पूजा गर्दा अपुङ्ग र पञ्चामृत बनाउँदा चाकु वा सखर राखेर बनाउने गरिन्छ । देवाली पूजा गर्दा समेत चाकुको अनिवार्यता रहेको देखिन्छ । गोसाईंकुण्ड मेला भर्न जाने बेलामा चाकु लिएर जाने चलन छ । गोसाईंकुण्ड जाँदा लेक लागेमा वा जाडो भएको खण्डमा चाकु खादा जाडो हुँदैन भन्ने मान्यता छ । चाकु एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको सांस्कृतिक सम्पदाको रूपमा रहेको छ । निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ । यसले उनीहरूको पहिचान र निरन्तरताको बोध गराएको छ । चाकु सांस्कृतिक सम्पदाले मानव सृजनाशीलताका लागी सम्मान प्रवर्द्धन गर्ने भएकोले जर्गेना गर्नु पर्ने देखिन्छ । यसलाई स्थानीय निकाय, नेपाल सरकार, पुरातत्त्व विभागलगायत यूनेस्कोले समेत गम्भीर भएर सोच्नुपर्ने आवश्यकता देखिन्छ । चाकु संस्कृति प्राचिनकालमा गरेको अथक परिश्रम योगदान र पुर्खाहरूको विरासतबाट विकसित भएको मौलिक उत्पादन हो ।

चाकुको उपयोगिता बुझी जङ्गबहादुर राणाले बेलायतकी महारानीलाई टोखाको चाकु सौगातको रूपमा पठाएका थिए । प्रत्येक वर्ष फागुन पूर्णिमा होली पुन्हिका दिन कोथु गणेशको पूजा गरी प्रत्येक गुठीका दुई-दुई जनाले प्रसाद तथा भोज ग्रहण गर्ने चलन थियो । यस्तो चलन आर्थिक अभावका कारणले २०५० सालमा गुठी मासिएको देखिन्छ । नेपालका हरेक समुदायमा सामाजिक सांस्कृतिक र धार्मिक महत्व राख्ने चाकु जेठो सांस्कृतिक सम्पदाको रूपमा रहेको चाकु लोप हुने स्थितिमा पुगेको देखिन्छ । त्यसैले त्यसको संरक्षणका लागि सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

कविता

## हामी स्मार्ट बेमान हौं



लक्ष्मण सिटौला

सहर स्मार्ट सिटीमा बदलिँदा
हामी स्मार्ट चोरमा बदलियौँ
कारदेखि कार्डसम्म स्मार्टमा परिवर्तन भए
तर ! हाम्रा बिचारहरू १६ औं शताब्दीमै छन्
हामीलाई अरूले बनाइदिने 'स्मार्ट' चाहिएको छ
स्मार्ट श्रीमती बिहे गरेर
खाडी मुलुक श्रम गर्न गएको साइँलाको
स्मार्ट श्रीमती
यता अर्कै स्मार्ट केटासँग भागिन
किनकि-
यो सब स्मार्ट मोबाइलको कमाल थियो
सबै कुरा स्मार्ट भएर बिग्रेको हो समय
धोती कछाड टोपी र नाङ्गा पाउ लिएर
खेतमा काम गर्ने गाउँले, मेरा बाउले
चार सय मुरी धान भित्र्याउने सालिन्दा
अहिले म स्मार्ट सिटीमा छु
छाकै पिच्छे एक किलो स्मार्ट चामल
किनेर खाइरहेछु
बाउको पालामा मुरीमा हिसाब हुन्थ्यो
अहिले किलोमा झर्‍यो
स्मार्ट भएन त ?
भौतिक स्मार्टले
हाम्रो विचारलाई गरिब बनाउँदो रहेछ
स्मार्ट सिटीमा बस्ने म
धारामा पानी छैन
फोहोर फ्याँक्ने स्थान छैन
भो मलाई
चरम विकासको, स्मार्ट सिटी, स्मार्ट सडक
स्मार्ट बत्ती, स्मार्ट मोबाइल
स्मार्ट सभ्यता चाहिएन
जहाँ ओल्लो घरकाले
पल्लो घरकालाई चिन्दैन
ओल्लो कोठामा बस्ने
पल्लो कोठामा बस्नेसँग बोल्दैन ॥

गजल



राधा कणेल

लुकाएर आफ्नै नयन भित्र-भित्र
गरेको छु तिम्रो जतन भित्र-भित्र

तिमी दूर एक पल् हुँदा पोल्छ छाती
भएको छ यस्तो जलन भित्र-भित्र

तिमीदेखि शर्माउँदै छन् सितारा
नपत्याए हेर्नू गगन भित्र-भित्र

अचेल चाल बेग्लै भएको छ मेरो
चलेको छ तिम्रो खटन भित्र-भित्र ।

# जागिर

कथा



■ लेखराज रेग्मी

*केही छिनपछि फोनको घण्टी बज्यो, उठाएँ । रमेश उमेरले भाइ सहपाठी, मिल्ने साथी, आमाले पनि उसलाई म जत्तिकै माया गर्ने । संयोगले उ घरमा पुगेको बेला परेछ । उसले आमालाई भेटेर बुवालाई अस्पताल लैजाने तयारी गरेछ । मसँग यस्तै कुरा गरेपछि भन्यो "छुट्टी मिलाएर छिटै आउने तयारी गर्नुपर्‍यो । यता म सम्हाल्दै गरौँला ।" मसँग धन्यवाद बाहेक कुनै शब्द थिएन ।*

आज एकाबिहानै फोनको घण्टी बज्यो । प्रायः बिहान सबेरैको उस घण्टी कै लागि हुन्थ्यो । मैले उठाउन अल्छी गरेँ । वास रुम, हाम्रो बोलचालमा पाइखानाबाट हतार-हतार निस्किएर फोन उठाई, "ओहो !" सामान्य औपचारिकतापछि एक्कासि उ चिच्याई । म जुरुक्क उठेर उसको सामुन्ने पुगेँ । उसले रिसिभर मेरो हातमा थमाउँदै पछाडि सरी र भनी "कुरा गर्नुस् ।"

उताबाट आमाको आवाज आयो "बाबु ! सब बरबाद भो !"

आमाले एक सासमै सबै कुरा राख्नुभयो । मैले केही बोल्नै सकिन । "तिमीहरू आफै जान्नेछौ छौ ।" भन्दै आमाले फोन राख्नुभयो । अब बोल्नुपर्ने कुनै कुरा बाँकी थिएन र मैले फर्काएर फोन पनि गरिन् ।

एक छिन पछि उसले चियाको कप बोकेर प्रवेश गरी । "आमाले के भन्नुभयो ?"

"तिमीहरू आफै जान्नेछौ छौ भनेर फोन राख्नुभयो, म बोल्नै सकेको थिएन र सायद आमा पनि दोहोरो कुरा गर्ने स्थितिमा हुनुहुन्थेन । यो अत्यन्तै गम्भीर समस्या भयो, अब के गर्न सकिएला ?" मसँग उसको लागि कुनै जवाफ थिएन ।

मन मस्तिष्कमा ठुलो हुण्डरी चलिरहेको थियो । म मौन नै थिएँ । सायद मनोदशा बुझेर होला, चियाको जुठोकप उठाएर भान्सातिर लगि ।

मेरो दिमागले एक पटक संसार चाहार्‍यो तर, सहयोगको लागि अनुरोध गर्न लायक कोही छैन । दिमागले निकास नै भेटाएन । सायद यही स्थिति होला "अक्कलले घाँस चर्ने बेला !" यस्तै लाग्यो मलाई ।

केही छिनपछि फोनको घण्टी बज्यो, उठाएँ । रमेश उमेरले भाइ सहपाठी, मिल्ने साथी, आमाले पनि उसलाई म जत्तिकै माया गर्ने । संयोगले उ घरमा पुगेको बेला परेछ । उसले आमालाई भेटेर बुवालाई अस्पताल लैजाने तयारी गरेछ । मसँग यस्तै कुरा गरेपछि भन्यो "छुट्टी मिलाएर छिटै आउने तयारी गर्नुपर्‍यो । यता म सम्हाल्दै गरौँला ।" मसँग धन्यवाद बाहेक कुनै शब्द थिएन ।

सायद उसले मैले गरेका गल्तीहरूमा माफ गरे होला वा यो मानवीय कार्यलाई प्राथमिकतामा राखे होला, म भन्न सक्ने स्थितिमा छैन । एक छिन पछि उसले खाना तयार भएको खबर गरी । हामी डाइनिङ टेबल वरिपरि मुखामुख बस्यौँ । "मैले बिदा स्वीकृत गराइसकेँ, टिकट भनिसकेको छ । भरे चार बजेको फ्लाइटमा हामी घर जाँदैछौं । हजुर पनि अफिस पुगेर छुट्टी मिलाएर आउनु ।"

उसले मेरो धेरै काम सजिलो पारिसकेकी छे । "रमेश गाउँमै रहेछ, उसले बुवालाई अस्पताल लाँदै छ । एक पटक आमालाई फोन गरेर जानकारी लिनु, आज शुक्रवार म पनि छिटै फर्किनेछु ।" मैले उसलाई सुनाएँ । म यत्रतत्र थिएँ र उ सबै जिम्मेवारी लिँदैथिई ।

हामीलाई घरसम्म पुग्न, अर्को एक दिन पुरै यात्रा गर्नुपर्छ । बाटो र पहिरोको बेमेल बाहेक । विदेश हुनु र देशमै हुनुको के अन्तर छ र ? छ/सात घण्टाको फरकमा भाइ पनि आइपुग्ला ।

म यति बेला कार्यालयमा छु । छुट्टीको लागि कुरा भइरहेको छ । कार्यालयमा सेवाग्राहीको भीड छ । बिदा स्वीकृत भैसकेको छ तर आजको कामको चाप यति बढी छ कि भोली कार्यालय नखुल्नुको कारण सबै आजै काम सक्न चाहन्छन् । बिकट जिल्लामा यस्तो समस्या आम छ । मलाई हतारो छ तर संवेदनशील छन् मेरा जिम्मेवारीहरू ।

# ‘जलवायु परिवर्तनले सेताम्मे हिमाल काला पत्थरमा परिणत भए’

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, १८ माघ



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गल्ती नै नगरेको जलवायु परिवर्तनको असर नेपालीले खेप्नु परिरहेको बताएकी छिन् ।

मोरङ ग्रामथान गाउँपालिका वडा नम्बर २ मा रहेको सरस्वती माध्यमिक विद्यालयको ६७ औं वार्षिकोत्सव अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै जलवायु परिवर्तनको असरका कारण हाम्रा सुन्दर सेताम्मे हिमालहरू काला पत्थरमा परिणत भएकोमा चिन्ता व्यक्त गरिन् ।

उनले जलवायु परिवर्तन विश्व समुदायको नै एउटा समस्याको रूपमा खडा भएको बताइन् ।

‘जलवायु परिवर्तनको लागि नेपाली कारक हैन, हामीले हरित ग्यास उत्सर्जन गरेको छैनौं,’ उनले भनिन्, ‘तर पनि हाम्रो मुलुकले जलवायु परिवर्तनको नकारात्मक असरबाट अत्यन्तै बढी प्रभावित हुनु परिरहेको छ ।’

हाम्रा देशका सुन्दर सेताम्मे हिमालहरू आज काला पत्थरमा परिणत हुँदै आएको, मौसमी चक्रमा उत्पन्न असन्तुलनका कारण अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो, सुख्खा, खडेरी र डढेलोजस्ता विषम प्राकृतिक प्रकोपहरूको सामना गरिरहनु परेको उनको भनाइ छ ।

जलवायु संकटबाट जैविक विविधता र मानव सभ्यतालाई जोगाउनको लागि सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्न उनले आग्रह गरिन् ।

अहिलेको शिक्षा प्रणालीले यसलाई आफ्नो मुख्य एजेन्डा तथा विषयको रूपमा लिनु पर्ने उल्लेख गरिन् । भण्डारीले नियमित पाठ्यक्रमका अतिरिक्त विविध रचनात्मक क्रियाकलापको माध्यमबाट विद्यालयले विद्यार्थीहरूलाई नागरिक शिक्षा सम्बन्धी विषयमा जलवायु सम्बन्धी सचेतना अभिवृद्धि गर्नु आवश्यक रहेको बताएकी छिन् ।

भण्डारीले समय सापेक्ष विद्यार्थीलाई सीपमूलक र व्यवहारिक शिक्षा आवश्यक भएको समेत जानकारी गराइन् । उनले समग्र शैक्षिक प्रणाली समय अनुकूल सुधार गर्दै लैजानु पर्नेमा जोड दिइन् । जनशक्तिको प्रक्षेपणको आधारमा विभिन्न विधा र क्षेत्रका लागि आवश्यक पर्ने दक्ष जनशक्ति र श्रम बजारको माग बमोजिम प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सरकारले शैक्षिक संस्थाहरूसँग समन्वयात्मक कार्यहरू गर्नु पर्नेमा भण्डारीको भनाइ छ ।

कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई विद्यालयले सम्मान गरेको छ । पूर्वप्रधानाध्यापकहरू बलराम पोखरेल, गोविन्द भगत र तिलक सापकोटालाई सम्मान गरिएको छ ।

पूर्वविद्यार्थीहरू वरिष्ठ फिजिशियन डा.दिनेश न्यौपाने, भक्तपुर जिल्ला अदालतका न्यायाधीश विश्वनाथ भट्टराई, उप प्राध्यापक दुर्गाप्रसाद लुइँटेल र बैंकका शाखा प्रबन्धक सञ्जीव चौधरीलाई सम्मान गरिएको छ । यस्तै स्कुल निर्माणका निम्ति जग्गा दान दिने स्वर्गीय सरस्वतादेवी निरौलाका पुत्रबधु सावित्रादेवी निरौलालाई सम्मान गरिएको थियो ।

विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूले कृषि, विज्ञान, नर्सिङ र प्राविधिक धारका बस्तुहरूको प्रदर्शनी गरेका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अशोककुमार लुइँटेलले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छ । २०१४ मा स्थापना भएको सरस्वती माध्यमिक विद्यालयमा बाल कक्षादेखि १२ सम्म एक हजार ८ सय विद्यार्थी अध्ययनरत रहेको लुइँटेलले जानकारी दिए ।

प्रदेश सांसद भीम पराजुली, जयप्रकाश चौधरी, ललिताकुमारी चौधरी र ग्रामथान गाउँपालिकाका अध्यक्ष नमोनारायण माझी लगायतको विद्यालयको प्रगति बारेमा प्रशंसा गरे । विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्यामकुमार सरदारले शिक्षक, कर्मचारी सहित विद्यार्थी र अभिभावकहरूको सहयोगले विद्यालय अब्बल बनेको बताए ।

# कागती खेतीबाट मनग्य आम्दानी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ माघ

अर्घाखाँची पाणिनी गाउँपालिका वडा नम्बर ७ अडगुरिका किसान अहिले कागती खेती गरेर मनग्य आम्दानी गर्दै आएका छन् ।

विगतमा विदेशी भूमिमा श्रम गरी फर्किएका स्थानीय पदमबहादुर श्रेष्ठ प्रधानले अहिले नेपालमै कागती खेतीबाट मनग्य आम्दानी गरेका हुन् ।

जंगलमा परिणत भएको पाणिनी गाउँपालिका वडा नम्बर ७ मा रहेको करिब १० रोपनी जग्गामा उनले कागती खेती गर्दै आएका छन् ।

उनले १० वर्षअघि ‘सोना’ बाहमासे कागती ३ सय र लेमन-सुन कागती २ सय गरी कूल पाँच सय कागतीका बिरूवा रोपेका थिए । अहिले ती कागतीका बिरुवाले फलदिन थालेका छन् ।

वार्षिक ५ देखि ७ लाख रूपैँया आम्दानी हुन थालेपछि कृषक श्रेष्ठ दंग छन् ।

कागती बिक्रीबाट यस वर्ष १० लाख आम्दानी हुने अपेक्षा गरेकोमा अपेक्षा अनुसार कागती नफलेपछि ३० क्वीन्टल जति कागती उत्पादन हुने अनुमान उनले गरेका छन् ।

‘उत्पादन भएको कागती बिक्री हुँदै न कि भन्नु पर्दैन,’ उनले भने, ‘कागतीको बोटमा बाह्रै महिना फल लाग्ने रहेछ, बजारमा अहिले प्रतिकिलो दुई सयदेखि दुईसय पचास रूपैयाँसम्ममा बिक्री हुने गरेको छ ।’ बाँझिएको जग्गामा कागती लगाएर राम्रै आम्दानी गर्न सफल भएको भन्दै श्रेष्ठले खसी व्यक्त गरे ।

उनले भने, ‘हावापानी सुहाँउदो जग्गामा कागती लगाएमा आम्दानी गर्न निकै सहज हुन्छ ।’

विदेशमा लामो समय गरेको जागिर छोडेर सुरू गरेको व्यावसायिक कागती खेतीले राम्रो आम्दानी दिन थालेपछि बिहानदेखि साँझसम्म कागतीका बोटको स्याहार सुसार गर्नु नै दैनिकी बनेको उनले बताए ।

उनले भने, ‘यतिखेरको बेमौसममा पनि दिनमा पचास ६० किलो कागती उत्पादन हुने गरेको छ ।’

बाँदरलगायत बन्यजन्तु र चराचुरूङ्गीले समेत नोक्सान नगर्ने, रोग नलाग्ने, हेरचाहमा पनि धेरै समय खर्च गर्नु नपर्ने र बजार पनि राम्रो भएको कारण कागती खेतीमा भविष्य देखेको श्रेष्ठको भनाइ छ ।

करिब ८/९ वर्ष अगाडि असार महिनाको अन्तिम साता बुटवलबाट एक सय रूपैंयाका दरले खरिद गरेर ल्याएका कागतीका बिरूवा रोपेको तीन वर्षबाट आम्दानी दिन थालेको श्रेष्ठले बताए ।

पहिलो वर्ष खर्च कटाएर १ लाख रूपैंया आम्दानी भयो र उत्पादनसहित आम्दानी बढ्नेक्रम प्रत्येक वर्ष निरन्तर रहेको छ ।

३ मिटर फरक र एक मिटर गहिराइका खाल्टामा बिरूवा रोपेर सुरू गरेको कागती खेती हालसम्म लाखौं रुपैयाँ खर्च भएको श्रेष्ठ बताए ।

कागती रसिलो भएका कारण बजारको माग पनि राम्रो भएको श्रेष्ठले बताए ।

कृषि ज्ञान केन्द्र अर्घाखाँचीका अनुसार अर्घाखाँचीमा व्यवसायिक कागती खेती गर्ने किसान न्यून छन् । श्रेष्ठको बारीमा रोपिएका कागती लटरम्म फलेका छन् ।

श्रेष्ठले भने,‘रूखबाट झरेका कागती पेलेर अघिल्लो केही अमिलो चुक उत्पादन भएको थियो, कालो बाक्लो अमिलो चुक प्रतिमाना एक हजार र पातलो झोल चुक पाँच सयमा बिक्री हुने गर्छ, यस वर्ष पनि केही चुक उत्पादन भइसकेको छ, झरेका कागतीबाट समेत आम्दानी हुने गरेको छ ।’

‘बिरूवा रोपेको तीन वर्षमै फल दिन सुरू गरेको कागती खेतीका लागि स्थानीय गाउँपालिका वडाले बाहेक कुनै पनि सरकारले सहयोग दिएका छैनन्’ श्रेष्ठले भने, ‘यतिखेर कागती बगैंचाको काँटछाट, गोडमेलको काम भइरहेको छ । दैनिक ३ जनालाई ज्यालादारीमा काम लगाउँदै आएको छु । काम गर्ने कृषकलाई प्राविधिकसहित अन्य सहयोग प्रदेश सरकारले गर्छ भन्ने सुनेको छु, तर मैले पाएको छैन । कसले पाउँछन् मलाई त्यो कुरा जानकारी छैन ।’

पछिल्लो समय बिहानमा तातो पानी, चिया र खानामा कागती अत्यधिक प्रयोग हुने हुँदा बजारमा माग बढेको छ । अर्घाखाँचीमै कागती खेतीमा अब्बल मानिएका श्रेष्ठले भने,‘राज्यका तर्फबाट कृषकलाई आवश्यक सहयोग गरेर प्रेरित गर्ने हो भने कागती लगायत फलफूल तथा तरकारीमा देश आत्मनिर्भर बन्न सक्छ ।’ कागती खेतीभित्र अन्तरबालीका रूपमा तरूल, अकबरे खुर्सानी, टिमुर, अमला, एभोगाड फलफूलका बोटबिरूवा समेत श्रेष्ठले लगाएका छन् ।

लिफ्टिङ प्रविधिबाट गाउँमा आएको पानी तथा आकासे पानीले श्रेष्ठले बगैंचामा सिँचाइको व्यवस्था गरेको श्रेष्ठ बताउँछन् ।

युवाको रोजाइँमा विदेश पर्ने र स्वदेशका अधिकांश जग्गा बाँझिने स्थितिको अन्त्यका लागि कृषि उत्पादन तथा उत्पादकत्वतर्फ तीन तहका सरकारको ध्यान जानुपर्ने स्थानीय वडाध्यक्ष गुणाखर अधिकारी बताउँछन् ।

## लागुऔषध नियन्त्रणमा लिने क्रममा प्रहरीद्वारा गोली प्रहार



**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १८ माघ

पश्चिम नवलपरासीमा लागुऔषध नियन्त्रण लिने क्रममा प्रहरीको गोली प्रहारबाट एक जना घाइते भएका छन् । प्रहरीको गोलीबाट रामग्राम नगरपालिका-१२ पचगाँवा बस्ने राजेश लोनिया घाइते भएका हुन् ।

बिहीबार राति ८ बजे लोनियाको घरबाट लागुऔषध (ब्राउनसुगरजस्तो देखिने धुलो पदार्थ) नियन्त्रणमा लिन प्रहरीले चार राउन्ड गोली प्रहार गरेको थियो । नवलपरासी जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी रेशम बोहराका अनुसार त्यसै क्रममा लोनियालाई गोली लागेको हो ।

लोनियाले बिक्रीवितरणका लागि लागुऔषध घरमा राखेको गोप्य सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवाबाट प्रहरी नायब निरीक्षक सागर भट्टराईको कमान्डमा ५ जनाको टोली उनको घरमा पुगेर नियन्त्रणमा लिन खोज्दा झडप भएको थियो ।

प्रहरीले परिचय दिएर खानतलासी गर्दा लोनियाले प्रहरीमाथि आक्रमण गर्न खोजेका थिए । अवस्था तनावपूर्ण बनेको र उनी भाग्न खोजेपछि प्रहरीले गोली प्रहार गर्दा लोनियाको बायाँ खुट्टामा गोली लागेको छ । उनको जिल्लास्थित पृथ्वीचन्द्र अस्पतालमा उपचार भइरहेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । सो स्थानबाट ९३ पुरिया ब्राउनसुगर नियन्त्रणमा लिएको सूचना अधिकारी बोहराले बताए । लागुऔषध किनबेचमा संलग्न रहेका अर्का एक व्यक्ति फरार भएका छन् । प्रहरीले फरार व्यक्तिको पनि खोजि गरिरहेको जनाएको छ ।

नेपाल पानी उद्योग महासंघको घोषणा

# लिम्बुको नेतृत्वमा २३ सदस्यीय तदर्थ समिति गठन




**हेटौंडा/मस-** देशैभरिका जार तथा बोतलका पिउने पानी उत्पादन गर्ने उद्योगीहरुको छाता संगठनका रुपमा नेपाल पानी उद्योग महासंघको घोषणा गरिएको छ । हेटौंडामामा भएको प्रथम प्रारम्भिक भेलाबाट महासंघको घोषणा भएको हो । उक्त भेलाले विक्रम लिम्बू चेमजोङको नेतृत्वमा २३ सदस्यीय तदर्थ समिति गठन गरेको छ ।

महासंघको गठन गर्न गत पुस २६ र २७ गते काठमाडौंमा बसेको उद्योगीहरुको भेलाले माघ १७ गते मकवानपुरको हेटौंडामा प्रारम्भिक भेला राख्ने निर्णय गरेको थियो । सोही भेलाले तदर्थ समिति गठन गरेको हो ।

तदर्थ समितिको वरिष्ठ उपाध्यक्षमा भरत बुढाथोकी, उपाध्यक्षहरुमा क्रमशः रविन्द्र मोहन अधिकारी, पुरुषोत्तम पाण्डे, रुपचन्द्र नौलखा, सवि कार्की, भुवन लोहनी र विक्रम मण्डल रहेका छन् । त्यस्तै महासंघको महासचिवमा युवा उद्योगी ध्रुवप्रसाद अधिकारी चयन भएका छन् । समितिको उपमहासचिवमा रेसा श्रेष्ठ, कोषाध्यक्षमा देव नारायण चौलागाईं चयन भएका छन् । भेलाले तदर्थ समितिको सदस्यहरुमा सहदेव बोलखे, ज्ञानहरी लामा, अनिल आचार्य, टंकबहादुर सारु, विष्णु हमाल, पदम राउत, सौरभ मारु, कृष्ण आचार्य, नारायण गिरी, शाहिल शाह, रक्की लामा र उपेन्द्रकुमार खड्का सर्वसम्मत चयन भएका छन् ।

नेपालमा पछिल्लो समय प्रशोधित पिउने पानीको निकै माग हुन थालेको छ । यस्तो अवस्थामा देशभरिमा झन्डै ७ सयभन्दा बढी पानी उत्पादन गर्ने उद्योगहरु संचालनमा रहेका छन् । पानी उद्योगमा १५ अर्बभन्दा बढीको लगानी भएको छ भने २२ हजारले प्रत्यक्ष रोजगारी पाएका छन् । त्यसमा पनि रोजगारीमा जोडिएका परिवारबाट ६६ हजारले रोजगारमा प्रत्यक्ष लाभ लिएका छन् । यस्तो अवस्थामा पानी उत्पादन गर्ने उद्योगहरुको छाता संगठनका रुपमा नेपाल पानी उद्योग महासंघको घोषणा भएको हो ।

तदर्थ समितिका संयोजक लिम्बूले सबै उद्योगीको हकहितको संरक्षण गर्न र नेपालको पानी अन्तराष्ट्रिय बजारमा लैजान पहल गर्न महासंघको स्थापना गर्नुपरेको बताए । उनले महासंघको पारदर्शितामा प्रश्न उठाउने ठाउँ नरहने गरी तोकिएको समयसीमाभित्र प्रथम अधिवेशन गर्नेसमेत बताए । उनले देशभरका सबै पानी उद्योगीहरुलाई महासंघमा गोलबन्द हुन आग्रह गरे ।

त्यस्तै तदर्थ समितिका महासचिव युवा उद्योगी अधिकारीले धेरै लामो प्रयास र छलफलपछि महासंघको घोषणा गरिएको बताए । उनले सम्पूर्ण पानी उद्योगीहरुको व्यावसायिकतामा सहयोग गर्न र उद्योगीहरुको हकहितको संरक्षण तथा व्यवसायीहरुलाई थप उत्तरदायी बनाउन महासंघको घोषणा गरिएको बताए । उनले वैज्ञानिक तथा आधुनिक प्रविधिको आधारमा पानी उद्योगहरुको विकास गरिनेसमेत बताए ।

भेलामा देशभरिका प्रदेश संघ, विभिन्न जिल्लामा रहेका जिल्ला संघ, नगर तथा क्षेत्रीय संघका गरी झन्डै १ सय बढी उद्योगी प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

**गुजरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिमराभवानीपुर, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१९**

यस गुजरा नगरपालिकाबाट मिति २०८१/०८/१९ गते मध्यान्ह राष्टिय दैनिकमा प्रकाशित देहायको बोलपत्र आह्वानको सूचना बमोजिम विद्युतीय माध्यमबाट प्राप्त हुन आएको बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृतिका लागि छनोट भएको बोलपत्र | न्यूनतम कबोल अंक |
|---|---|---|---|---|
| १ | GUJMUN/NCB/ WORKS/01/2081-82 | Construction Works of Administrative Office Building, Third Floor Gujara Municipality Rautahat. | Unique Prism Builder Jwagal-10, Lalipur Nepal | 197,68,274.24 Exluding PS. Item |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
**महाकाल, काठमाण्डौ**

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना**

**(सूचना प्रकाशित मिति :- २०८१/१०/१९)**

यस अस्पतालबाट मिति २०८१/०६/३० को नागरिक दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना NTrC-PHR/G/NCB/03-081/82, अनुसार बिद्युतिय बोलपत्र (e-bidding) मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव (Technical Bids) मिति २०८१/०७/३० मा खोली सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज को उपनियम ४ बमोजिम मुल्याङ्कन हुँदा तपसिलका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही देखिएकोले सोहि नियमको उपनियम (५) बमोजिम मिति २०८१/१०/२७ गते दिनको २:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सफल बोलपत्रदाताहरुलाई आधिकारीक पत्र सहित उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाताहरू Supply and Delivery of Suture Items for Hospital Pharmacy (NTrC-PHR/G/NCB/03-081/82)**

1. Vital Healthcare Pvt. Ltd., Kamaladi, Kathmandu
2. R.Y Traders, Tripureshwor, Kathmandu
3. R.G Supplier Pvt. Ltd., Sitapaila, Kathmandu
4. Karna Medicines Distributors Suppliers Pvt. Ltd., Kupandole, Lalitpur
5. New Devika Trade Concern, Sanepa, Lalitpur
6. Medi Point International Pvt. Ltd., Gairidhara, Kathmandu

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

# ऊर्जा दक्षता परियोजनाको संशोधित कार्यान्वयन सम्झौता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ ।



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यको उपस्थितिमा 'ऊर्जा दक्षता परियोजना' सम्बन्धी संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको छ। शुक्रबार ललितपुरमा आयोजित समारोहमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र जर्मन प्राविधिक सहयोग संस्था (जीआईजेड) को नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रमबीच नेपालमा दिगो ऊर्जामार्फत् पुनःप्राप्ति एवं सशक्तिकरण कार्यक्रमको दोस्रो संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको हो ।

सम्झौतापत्रमा ऊर्जा मन्त्रालयका सहसचिव जीवच्छ मण्डल, जिआइजेडका नेपाल देशीय प्रतिनिधि पाउलिना क्याम्पोस मोन्ट्रेरस र कार्यक्रम व्यवस्थापक डा. फ्याङक फेचरले हस्ताक्षर गरेका हुन्। हस्ताक्षर समारोहमा नेपालका लागि युरोपियन युनियनका प्रतिनिधि जोसे लुइस विनुएसा-सान्तामारिया, जर्मन दूतावासका उपप्रमुख बेन्जामिन साइडललगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो।

जर्मन सरकारको ६ मिलियन सहयोगमा सञ्चालन हुने उक्त परियोजनाले नेपालको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा संघीय, प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि एवं प्राविधिक सम्भाव्यता अध्ययनमा सहयोग गर्ने सम्झौता भएको मन्त्रालयका सचिव आचार्यले जानकारी दिए। परियोजनामार्फत् नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा निजी क्षेत्रलाई सक्षम बनाउन वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै बुटवल, पोखरा, भैरहवा क्षेत्रमा जलवायुमैत्री प्रविधिको प्रयोग गरी विद्युत खपत बढाउन आवश्यक नीतिगत एवं प्रविधिको प्रवर्द्धनमा सहयोग गर्ने उनले बताए । उनकाअनुसार परियोजनाको अवधि तीन वर्ष रहने छ ।

उनले सरकारले अबको १० वर्षपछि अर्थात् सन् २०३५ सम्म कूल २८ हजार सात सय १३ मेगावाट विद्युत उत्पादनको लक्ष्य लिएको जानकारी गराउँदै यो तीन वर्षे परियोजनाको सहयोगले उक्त लक्ष्य पूरा गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । सचिव आचार्यले चालु संसद्बाट ऊर्जा विकाससम्बन्धी ऐन पारित हुने भन्दै सेप्टेम्बर २०२७ सम्म कार्यान्वयन हुने यो परियोजनाबाट उल्लेख्य रूपमा विद्युत निर्यात गर्न सफल हुने जानकारी दिए ।

नेपालका लागि युरोपियन युनियनका नेपाल प्रतिनिधि सान्तामारियाले कार्यक्रमको मुख्य उद्देश्य नेपालको ऊर्जा अभाव कम गर्ने, हरितगृह ग्यास उत्सर्जन घटाउने र स्थायी ऊर्जा समाधानमार्फत् सामाजिक, आर्थिक विकासलाई प्रवर्द्धन गर्ने रहेको बताइन्। कार्यक्रमका व्यवस्थापक डा. फेचरले उर्जा क्षेत्रमा युरोपियन युनियनको सहयोगका बारेमा उल्लेख गर्दै परियोजनाले उद्योग, धन्दामा ऊर्जा दक्षता प्रवर्द्धन गर्ने पहलअन्तर्गत ऊर्जा दक्षता उपायहरू कार्यान्वयन गर्न उद्योग र उद्यमलाई सशर्त अनुदान सहयोग कार्यक्रम सुरू गरिसकेको जानकारी दिए।

जर्मन दूतावासका उपप्रमुख साइडलले परियोजनामार्फत् क्षेत्रीय बजारमा ऊर्जा खपत र ऊर्जा दक्षता बढाउन प्रभावकारी हुने विश्वास व्यक्त गरे ।

# भूमिगत वितरण प्रणालीमार्फत् पोखरामा विद्युत आपूर्ति सुरु



**पोखरा/मस –** नेपाल विद्युत प्राधिकरणले पर्यटकन राजधानी पोखरामा भूमिगत वितरण प्रणालीमार्फत् विद्युत् आपूर्ति सुरु गरेको छ । पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाअन्तर्गत विद्युत वितरण प्रणाली (तार)लाई भूमिगत, सुदृढीकरण र स्वचालित बनाउने काम सम्पन्न भएको र उक्त क्षेत्रका ग्राहकहरूलाई सोही प्रणालीमार्फत् विद्युत आपूर्ति सुरु गरिएको छ ।

पहिलो चरणमा पोखराको कुँडहर १३२/११ केभी सबस्टेसनदेखि पश्चिमतर्फ अमर सिंह चोक, बुद्धचोक हुँदै सेती नदी पुल खण्डसम्मको वितरण लाइन भूमिगत गरी त्यस क्षेत्रका करिब ३०० ग्राहकलाई विद्युत आपूर्ति दिइएको हो। मुग्लिङ-पोखरा सडक विस्तार आयोजनासँगको समन्वयमा प्रसारण तथा वितरण प्रणालीलाई भूमिगत गरी त्यहाँस्थित जमिनमाथिको (ओभरहेड) लाइन र पोलहरू हटाइएको छ । तार भूमिगत गरिएपछि गुजुल्टिएको तारले बनाएको कुरुपता हटी उक्त क्षेत्र सुन्दर देखिएको छ ।

सुरुमा कुँडहर सबस्टेसनसम्मको वितरण प्रणालीमात्र भूमिगत गर्ने व्यवस्था भएपनि पछि विमानस्थलको मुख्य प्रवेशद्वारसम्म विस्तार गरिएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वितरण प्रणाली भूमिगत बनाउने कार्यको अनुगमन गरी काम सम्पन्न भएको क्षेत्रमा क्रमशः विद्युत आपूर्ति सुरु गर्न र ओभरहेड संरचनाहरू हटाउन निर्देशन दिए।

कार्यकारी निर्देशक घिसिङले पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाइड, विमानस्थललगायत क्षेत्रमा भइरहेको कामको अनुगमन गरेका थिए । महानगरपालिका, सडक कार्यालयलगायतका निकायसँग समन्वय गरी लेकसाइडको बाँकी काम तत्काल सम्पन्न गरी भूमिगत प्रणालीमार्फत विद्युत आपूर्ति सुरु गर्न प्राधिकरण गण्डकी प्रादेशिक कार्यालय प्रमुख र आयोजनालाई कार्यकारी निर्देशक घिसिङले निर्देशन दिएका छन् ।

पोखरा वितरण केन्द्रअन्तर्गत पर्ने पोखराको मुख्य सहर तथा सडकमा रहेका ११ केभी एवम् ४०० भोल्ट लाइनलाई भूमिगत गर्ने र उक्त क्षेत्रहरुमा अप्टिकल फाइबर बिछ्याउने काम भइरहेको छ। हालसम्म पोखरा क्षेत्रको समग्र निर्माण प्रगति ५४ प्रतिशत रहेको आयोजना प्रमुख आनन्द सुवेदीले बताए। लेकसाइडस्थित अधिकतम स्ट्रिट क्षेत्रमा काम सम्पन्न भएकाले अब त्यहाँ पनि छिट्टै भूमिगत प्रणालीमार्फत् विद्युत आपूर्ति दिइने प्रमुख सुवेदीले बताए ।

विद्युतीय तारसँगै अप्टिकल फाइबर बिछ्याउने हुँदा इन्टरनेट, दूरसञ्चार, केबल टेलिभिजन सेवा प्रदायकहरुले उक्त अप्टिकल फाइबर प्रयोग गरी सेवा प्रदान गर्न सक्नेछन्। हाल भइरहेको ओभरहेड वितरण प्रणालीभन्दा भूमिगत प्रणाली सुरक्षित हुने र सहरलाई कुरुप बनाइरहेको तारको चालो हटी सौन्दर्यता कायम राख्न सहयोग पुग्नेछ । हावाहुरी, पानी, चट्याङ इत्यादिको कारणले विद्युत प्रणालीमा अवरोध नहुने हुँदा भूमिगत वितरण प्रणालीबाट प्रदान गरिने विद्युत भरपर्दो, गुणस्तरीय र सुरक्षित हुँदा विद्युतीय दुर्घटनाबाट हुनसक्ने जनधनको क्षति न्यून हुनेछ ।

# सिन्धुपाल्चोकमा १३ करोड लागतमा ऱ्याफ्टिङ स्कूल निर्माण



**सिन्धुपाल्चोक/मस–** सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-५, बलेफी खोलाको किनारमा नेपालकै पहिलो ऱ्याफ्टिङ स्कूल निर्माण अन्तिम चरणमा पुगेको छ । पर्यटन विभागको आर्थिक सहयोगमा १३ करोडको लागतमा निर्माण भइरहेको स्कूलको ९८ प्रतिशत काम पूरा भएको सिन्धु पर्यटन व्यवसायी संघका अध्यक्ष नारायण श्रेष्ठ जानकारी दिए ।

नेपालमा साहसिक पर्यटनको प्रवर्द्धन, व्यावसायिक गाइड उत्पादन, तथा जल खेलकुद प्रशिक्षण दिने उद्देश्यले स्थापना गरिएको स्कूल एसियाकै पहिलो पूर्ण रूपमा ऱ्याफ्टिङ तथा जल खेलकुद प्रशिक्षण केन्द्र बन्ने छ । सिन्धु पर्यटन व्यवसायी संघका अध्यक्ष नारायण श्रेष्ठको नेतृत्वमा निर्माण भइरहेको ऱ्याफ्टिङ स्कूल फागुन महिनाभित्र उद्घाटन गर्ने तयारी भइरहेको छ ।

ऱ्याफ्टिङ स्कूलमा बेसिक, एडभान्स, गाइड तालिमको साथै सुरक्षा सम्बन्धी प्रशिक्षण लिन सकिन्छ । स्कूलमा जल उद्धार तथा प्राथमिक उपचार प्रशिक्षण, कायाकिङ, क्यानोइङ, तथा अन्य जल खेलकुदको प्रशिक्षण समेत दिइने अध्यक्ष श्रेष्ठले बताए । ऱ्याफ्टिङ स्कूल स्थापनाले स्वदेशमै रोजगारीका अवसरको साथै नेपाललाई साहसिक पर्यटनको हब बनाउन सकिने श्रेष्ठको भनाइ छ।

# 'आइएमई गरौँ, उद्यमी बनौँ' योजनामा तीन जनाले पाए आईफोन




**काठमाडौं/मस –** 'आइएमई गरौँ, उद्यमी बनौँ' योजना अन्तर्गत ३ जनाले आईफोन उपहार प्राप्त गरेका छन्। विदेशमा कमाएको रकम आइएमई गरी पठाएका तिन जना भाग्यशाली विजेताहरू रुमानियाबाट ज्ञानेन्द्रप्रसाद गजुरेल, कुवेतबाट राजुलउपा मगर र मलेसियाबाट थानेश्वर थापा मगरले आइफोन सिक्सटिन प्राप्त गरेका हुन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा आइएमईको ब्राण्ड एम्बेसडर दीपाश्री निरौलाले लक्की ड्र मार्फत् आइएमईका तीन जना भाग्यशाली सेवाग्राहीको नम्बर छनोट गरेकी हुन् ।

यो चाडपर्व 'आइएमई गरौँ, उद्यमी बनौँ' योजनाको पहिलो चरणको मासिक उपहार अन्तर्गतको असोज कार्तिक र मंसिर महिनाको आइफोन सिक्सटिन को विजेता छनौट भएको हो। आइएमईले विदेशमा कमाएको रकम औपचारिक माध्यम-रेमिटेन्स मार्फत् रकम पठाउन र रेमिट मार्फत् प्राप्त रकम उद्यमशीलता लगाउन प्रोत्साहन गर्ने उद्देश्यले यो चाडपर्व 'आइएमई गरौँ, उद्यमी बनौँ' योजना गत असोज २०८१ मा सार्वजनिक गरेको थियो। यो योजनामा आइएमई गरी रकम पठाउने सेवाग्राहीहरू मध्ये थप ३ जनाले उद्यमशील बन्न सहयोग पुग्नेगरी दोस्त पिक अप ट्रक जित्न सक्नेछन्।

दोस्रो चरणको योजना अन्तर्गत 'आइएमई गरौँ, उद्यमी बनौँ' योजना यही पौष २०८१ देखि साउन २०८२ सम्म रहने छ जसमा तिन जना भाग्यशाली विजेताले दोस्त पिक अप ट्रक जित्न सक्नेछन् । आइएमई गरी आइएमई पे वालेट, बैंक खातामा जम्मा गर्ने तथा आइएमई काउन्टरमा रकम पठाउने सेवाग्राहीहरू यो योजनामा सहभागी हुन सक्नेछन्।

# सीजी मोटर्सको वीरगञ्जमा आधिकारिक ब्रान्ड लञ्च

**वीरगञ्ज/मस –** सीजी मोटर्सले वीरगञ्जमा आफ्नो ब्रान्ड विस्तार गरेको छ । सीजी मोटर्सले नेपालमा आफ्नो उपस्थितिलाई विस्तार गर्दै मधेश प्रदेशलाई केन्द्रित गर्दै वीरगञ्जमा अत्याधुनिक ब्रान्डहरूको विविध श्रृंखला लञ्च गरेको हो ।

कम्पनीले सो क्षेत्रमा मिनोल्टा इन्भेस्टमेन्ट प्रालिलाई आधिकारिक च्यानल पार्टनरको रूपमा नियुक्त गर्दै नेपालको अटोमोबाइल क्षेत्रलाई रूपान्तरण गर्न प्रतिबद्धता जनाएको छ। उद्घाटन कार्यक्रम वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह, मिनोल्टा इन्भेस्टमेन्टका कार्यकारी निर्देशक राजेश अग्रवाल, सीजी मोटर्सका सीईओ/डाइरेक्टर हेमन्त अग्रवाल, सञ्चारकर्मी र अन्य अतिथिहरूको उपस्थितिमा सम्पन्न भएको थियो। सो पहलले वीरगञ्जमा विश्वप्रसिद्ध ईभी ब्रान्डहरू जस्तै एभाटर, एक्सपेंग, नेटा, आयोन भी, आयोन बाई र रिडारा ल्याएको छ, जसले उन्नत र पर्यावरणमैत्री गतिशीलता समाधान प्रदान गर्ने जनाइएको छ।

# बढ्यो पेट्रोलियम पदार्थको मूल्य



**काठमाडौं/मस –** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । ईण्डियन आयल कर्पोरेशनबाट मूल्य बढेर आएपछि निगमले नेपालमा पनि मूल्य बढाएको हो ।

पेट्रोलमा प्रतिलिटर २ र डिजेल/मट्टितेलमा ४ रुपैयाँ बढाइएको छ। त्यस्तै, हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर ६ र अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि प्रतिलिटर ४३ डलरका दरले बढाइएको छ। पोखरा र भैरहवाका लागि ब्रेक इभन पोइन्टमा बिक्री मूल्य कायम गरिएको निगमले जनाएको छ। यससँगै अब पेट्रोलको मूल्य पहिलो वर्गमा १६४.५०, दोस्रोमा १६६ र तेस्रोमा १६७ रुपैयाँ प्रतिलिटर भएको छ। त्यस्तै, डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा १५७.५०, दोस्रोमा १५९ र तेस्रोमा १६० रुपैयाँ भएको छ। खाना पकाउने एलपी ग्यासको मूल्य भने निगमले यथावत राखेको छ ।

## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग
## संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
## सडक डिभिजन भक्तपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/१०/१९**

यस डिभिजनको मिति २०८१/०८/२८ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार देहायका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२), दफा ४७ अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. No | Contract No. | Successful Bidder | Bid Amount NRs. (Exc. VAT& PS) |
|---|---|---|---|
| 1 | DROBKT/337011694/081/082/52 | Pokhari Devi Nirman Sewa, Kavrepalanchok | 4539861.00 |
| 2 | DROBKT/337011694/081/082/53 | LK Pokhari Construction And Suppliers, Kavrepalanchok | 5640346.57 |
| 3 | DROBKT/337310113/081/082/54 | LG Nirman Sewa, Kavrepalanchok | 1600017.02 |
| 4 | DROBKT/337011694/081/082/55 | Disan Nirman Sewa, Kavrepalanchok | 5874089.91 |
| 5 | DROBKT/337310113/081/082/56 | Fame Builders Pvt.Ltd.,Bhaktapur | 3217695.00 |
| 6 | DROBKT/337310113/081/082/57 | Dhawa Chhiring Construction, Kavrepalanchok | 1508115.00 |

डिभिजन प्रमुख


## QATAR मा रोजगार

कम्पनी: IMAGE CONTRACTING AND TRADING — शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८१/०९/१६ — चलानी नं.: ६०२३०६०७ — L.T. No.: 316336 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FOREMAN (MALE) | 6 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 15 | 0 | | 1900 | ७०,२२४ | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 1000 | ३६,९६० | | | | | | | |
| 4. | Pipe Welder | 7 | 0 | | 1100 | ४०,६५६ | | | | | | | |
| 5. | TRENCH DIGGER OPERATOR | 11 | 0 | | 1900 | ७०,२२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २९ र ३० गते (11 & 12 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
चक्रपथ, काठमाडौं, नेपाल, Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
Kathmandu Office : +977-14378842 . Mobile No: 974-5268376
श्रम इजाजत नं. १४६९/०७४/०७५

## युएईमा रोजगार

कम्पनी : SOBHA CONSTRUCTION L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ — चलानी नं.: ६०२२४४१० — LT. No.: 309818 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 10 | 0 | | 1200 | ४३,९९२ | | | | | | | |

कम्पनी : SOBHA CONSTRUCTION L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/२६ — चलानी नं.: ६०२२५१८० — LT. No.: 310616 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 10 | 0 | | 1200 | ४३,९९२ | | | | | | | |

कम्पनी : SOBHA CONSTRUCTION L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/२८ — चलानी नं.: ६०२२५३६२ — LT. No.: 310785 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Masons | 10 | 0 | | 1200 | ४३,९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ २६ गते (8 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
Gov. Lic. No. 734/064/065
**SAAN NEPAL Pvt.Ltd.**
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077.
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np

## यूएईमा रोजगार

कम्पनी: AL WAFA SECURITY SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/१३ — चलानी नं.: ६०२२४५१८ — LT. No.: 309647 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SECURITY GUARD PSBD | 19 | 5 | स. काममा दक्ष | 2000 | ७५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: QUICK REACTION SECURITY SERVICES L..C. — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/२५ — चलानी नं.: ६०२१३९६४ — LT. No.: 298992 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Communication Assistant | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2000 | ७५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 39 | 10 | | 1200 | ४३,९९२ | | | | | | | |

